बचत गर्दा ध्यान दिऔं ।

सहकारीलगायत वित्तीय संस्थामा रकम जम्मा गर्दै हुनुहुन्छ ?
हो भने,
त्यस्ता संस्थाको वित्तीय विश्वसनीयताको परीक्षण गर्न नबिर्सौं । अधिक लाभको लोभमा नफसौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com






अधिकृत बिक्रेताः
**महाकाली इन्टरनेशनल प्रा.लि.**
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०



❖ वर्ष ३५ ❖ २०७९ असार १६ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 June 30 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३०२


### लगनविनाको बाजा बजाए जस्तै

# पर्सा, बारामा धान दिवस मनाइयो

प्रस, वीरगंज, १५ असार/

पर्सा जिल्लाका केही पालिका तथा कृषि क्षेत्र हेर्ने सरकारी कार्यालयहरूले लगनविनाको बाजा बजाए जस्तै बुधवार १९औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव-२०७९ मनाए ।



तस्वीरः प्रतीक

आजको दिन धानको बीउ रोपाइँ गरी औपचारिकरूपमा धान दिवस तथा रोपाइँ महोत्सव मनाइँदै आइएको छ ।

यसै क्रममा पर्सा र बाराका स्थानीय तह अन्तर्गतका पालिका, कृषि ज्ञान केन्द्र, कृषि अनुसन्धान केन्द्र तथा क्षेत्रीय कृषि अनुसन्धान केन्द्रलगायतका सरकारी तथा गैरसरकारी संस्थाहरूले दही-चिउरा खाएर धूमधामका साथ यो दिवस मनाएको तस्बिरहरू सामाजिक सञ्जालमा हेर्नेहरूले टीका-टिप्पणी शुरू गरेका छन् ।

बारा र पर्साका विभिन्न पालिकाले धान दिवस धूमधामले मनाए पनि रोपाइँको बेला मलको अभाव भोगिरहेका किसानहरूको समस्याभन्दा दही-चिउरा खानमा आयोजकहरू मस्त देखिए ।

बारा र पर्साका प्रायः पालिकाले किसानहरूको लागि चाहिने मल, बीउको व्यवस्थापन गर्न पहल गरेका छैनन् । अहिले किसानहरूको लागि चाहिने डिएपी मलको अभाव सर्वत्र छ । ८५ प्रतिशत किसान मलबाट वञ्चित छन् । मलविना किसानहरूले कसरी रोपाइँ गरे भन्नेबारेमा सम्बन्धित निकाय कसैको चासो गएन । किसानहरूलाई आवश्यक मल, बीउ, कीटनाशक औषधिको व्यवस्थापन गर्न नसकेको स्थानीय तहका प्रमुखहरूले यो अवसरमा बाजागाजासहित खेतमा पुगी धूमधामसँग रोपाइँ गर्दा लाज मानेका छैनन् । कृषि ज्ञान केन्द्रहरूले पनि पुरानै तथ्याङ्क माथिल्ला निकायमा प्रस्तुत गरेको आरोप छ । केन्द्र र प्रदेश सरकारबाट लाखौं रुपैयाँका योजनाहरू ल्याइ नेताहरूलाई बाँड्ने तर वास्तविक किसानहरूले नपाउने आरोप पनि छ ।

पर्साका किसानहरू पानी परेसँगै धान रोप्न व्यस्त छन्, तर मल नहुँदा उनीहरू छटपटाइरहेका छन । छिमेकी देश भारतीय बजारमा खुलारूपमा मल बिक्रीमा रोक लागेपछि अहिले पर्सा र बाराका किसानहरू ठूलो समस्यामा परेका छन् । नेपालमा मल अभाव भएको बखत भारतीय बजारबाट महँगो मूल्यमा मल खरीद गरेर सीमावर्ती नेपाली किसानहरूले खेती गर्दै आएका छन् ।

**सरकार जिम्मेवार नभएको किसानहरूको आरोप**

**नितेश कर्ण/**

वीरगंज महानगरपालिकाले असार १५ गते राष्ट्रिय धान दिवस कार्यक्रमको आयोजना गरी मनाएको छ ।

महानगरको कृषि तथा पशुपक्षी व्यवसाय प्रवर्द्धन शाखाले वीरगंज महानगर-३१ सोलखपुरमा धान रोपाइँ गरेर दिवस मनाएको हो ।

कार्यक्रममा शाखा प्रमुख उर्मिला श्रेष्ठले कृषकहरूको लागि असार १५ को दिन पर्व भएको बताइन । उनले आजको दिन नेपाली किसानहरूले मानो रोपेर मुरी फलाउने कार्य गर्ने हुनाले अति नै महत्त्व रहेको बताइन् । एक दिनको रोपाइँले वर्षभरि खान पुग्ने उनले दाबी गरिन । उनले कृषिलाई मर्यादित बनाउन, खेतीपातीमा नयाँ पुस्ताका युवालाई आकर्षित गरी समग्रमा उत्पादन बढाउन र खेत बाँझो नराख्न सन्देश प्रवाह गर्न सरकारले धान दिवस मनाउँदै आएको प्रस्ट्याइन् ।

**प्रस, सेढवा/**

१९औं राष्ट्रिय धान दिवस पर्साको जीराभवानी गाउँपालिकामा पनि बुधवार कार्यक्रमको आयोजना गरी मनाइएको छ ।

जीराभवानी गापाको आयोजनामा वडा नं २ लाटोमाई मन्दिरनजीक खेतमा रोपाइँ गरी राष्ट्रिय धान दिवस मनाइएको हो । गापा अध्यक्ष अनोज चौधरीको अध्यक्षता एवं प्रदेशसभा सदस्य शङ्कर चौधरीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा उपाध्यक्ष रेखा चौधरी, वडाध्यक्षहरू रामशरण खवास, सुरजराय थारू, राजेश्वरदास थारू, कृषि शाखा प्रमुख बृजेश साहलगायतको

(बाँकी पाँचौं पातामा)



तस्वीरः प्रमोद यादव



तस्वीरः ओमप्रकाश चौधरी


**सस्तो मूल्यमा घडेरी बिक्री**

वीरगंजबाट ५ मिनेटमैं पुग्न सकिने बहुअरी बाइपास सडकको मन्दिरनजीक हाइवेबाट सय मिटरभित्र पाँच धुर जग्गा बिक्रीमा छ ।

**सम्पर्कः ९८४४२४०३२७**


### जीराभवानी गापाको नीति तथा कार्यक्रम

# करीब साढे ३६ करोडको अनुमानित बजेट प्रस्तुत

प्रस, सेढवा, १५ असार/

जीराभवानी गाउँपालिकाको १०औं गाउँसभा आव २०७९/८० को नीति र कार्यक्रम तथा बजेट प्रस्तुतीकरण कार्यक्रम बुधवार सम्पन्न भएको छ ।




तस्वीरः प्रतीक

गापा अध्यक्ष अनोज चौधरीको अध्यक्षता एवं मधेस प्रदेशसभा सदस्य शङ्कर चौधरीको प्रमुख आतिथ्यमा सम्पन्न भएको गाउँसभामा आव २०७९/८० को लागि अनुमानित रु ३६ करोड ३९ लाख २२ हजार बराबरको बजेट प्रस्तुत गरिएको थियो ।

वडा नं ३ स्थित जीतपुरमा रहेको जन्ते भवनमा भएको गाउँसभाको उद्घाटन गर्दै प्रदेशसभा सदस्य चौधरीले गाउँपालिकाले लिएको लक्ष्य पूरा गर्न र बजेट फ्रिज हुन नदिने गरी काम गर्न आग्रह गरे ।

प्रस्तुत नीति र कार्यक्रम तथा बजेटमा चालूतर्फ आठ करोड ७० लाख ८५ हजार, पूँजीगततर्फ ११ करोड ५७ लाख ३७ हजार रहेको उपाध्यक्ष रेखा चौधरीले बताइन् । गापा अध्यक्ष अनुज चौधरीले नीति तथा कार्यक्रम जनमुखी बनाउने प्रतिबद्धता व्यक्त गरे । उनले नीति तथा कार्यक्रम प्रस्तुत गर्दै शिक्षा, स्वास्थ्य र कृषिलाई प्राथमिकता दिएको बताए ।

प्रस्तुत नीति र कार्यक्रम तथा बजेटमा गर्भवती महिलाहरूको लागि निश्शुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने अध्यक्ष चौधरी बताए ।

यसैगरी, सुत्केरी भत्ताबापत थप रु दुई हजारको व्यवस्था गरिएको र बिरामीलाई आवश्यक पर्ने रगत निश्शुल्क उपलब्ध गराउने नीति तथा कार्यक्रममार्फत जानकारी गराइएको छ ।

प्रमुख प्रशासकीय अधिकृत प्राण मेहताले गापाले लिएको समृद्ध गाउँपालिकाको लक्ष्य पूरा गर्न कर्मचारी र जनप्रतिनिधिबीचको समन्वय जरुरी रहेको बताए । उनले चालू आर्थिक वर्षमा नै गापाको प्रशासनिक भवन निर्माणको लागि बजेट छुट्टयाइएको बताए ।

कार्यक्रममा वडाध्यक्षहरू रामशरण खवास थारू, महादेव महतो थारू, सुरुजराय थारू, राजेश्वर महतो थारू, दारा सिंह, लेखा शाखा प्रमुख मुकेश मिश्रलगायतको सहभागिता थियो । कार्यक्रम सञ्चालन कार्यपालिका सदस्य सरोज चौरसियाले गरेका थिए ।

# अविरल वर्षाले आएको बाढीबाट निजगढमा सडक अवरुद्ध

प्रस, निजगढ, १५ असार/

गएरातिदेखि अविरल परेको पानीले पूर्व-पश्चिम महेन्द्र राजमार्गको निजगढस्थित जमुनापैनीमा आएको बाढीले चार घण्टा सडक अवरुद्ध भएको छ । यहाँ रहेको जमुनापैनीस्थित कजवेको सडकको भाग जलमग्न भएर पानी बगेसँगै यस राजमार्ग भएर आवतजावत गर्ने साना/ठुला सवारीसाधनहरू बाढी पार गर्न नसक्दा रोकिएर बसेका छन् । केही साना सवारीसाधनहरूले वैकल्पिक बाटो अपनाउँदै गन्तव्य आउने-जाने गरे पनि यात्रुवाहक बस, लोड सवारीसाधनहरू बाढी घटेपछि आवतजावत गरेका थिए ।



जमुना पैनीमा आएको बाढीले जलमग्न पूर्व-पश्चिम महेन्द्र राजमार्ग । तस्वीरः जीतलाल श्रेष्ठ

जमुनापैनीलाई वर्षा लाग्नुअघि सर सफाइ नगर्दा पानी सडकमाथि उक्लिएर गएको स्थानीयहरू बताउँछन् ।

बाढीका कारण निजगढ नगरका अधिकांश होचो स्थान डुबानमा परेका छन् । रातिदेखि परिरहेको पानीले विद्यालयहरूको पठनपाठनसमेत प्रभावित भएको छ । विद्यालय खुले पनि विद्यार्थीको सङ्ख्या घटेको छ । विद्यालय आएका विद्यार्थीहरूलाई घर पुऱ्याउनसमेत कठिनाइ भएको विद्यालयका शिक्षकहरूले बताएका छन् । जल तथा मौसम विज्ञान विभागको मौसमसम्बन्धी पूर्वानुमान शाखाले पछिल्लो छ घण्टामा भारी वर्षा भएको तथा थप भारी वर्षा हुने जनाएसँगै निजगढ नगरपालिकाले दुई दिन शुक्रवारसम्म विद्यालय बन्द गर्ने सार्वजनिक सूचना प्रवाह आज गरेको छ ।

डेढ दशकयताबाट निजगढमा अत्यधिक जग्गा प्लटिङसँगै घरलगायतका भौतिक संरचना निर्माण हुँदै आए पनि पानीको उचित निकासतर्फ निजगढ नगरपालिकाले बेलैमा ध्यान नदिंदा अहिले निकासविनाको विकास देखिएको छ । सडकछेउमा नाला निर्माण गरिए पनि नाला भरिएर पानी सडकमा बग्दा भित्री सडकहरूमा समेत आवागमन गर्न असहज भएको छ । निजगढ नगरपालिकाले नगरभित्रका अन्य विकासका कार्यहरूभन्दा सडक निर्माणमा डब्बल रकम विनियोजन गरिरहेको छ । विकासे सडक बनाउने नाममा वर्षाको पानीको उचित निकासलाई ध्यान नदिंदा बर्सेनि वर्षायाममा यस्तै डुबानको समस्या भोग्दै आउनुपरिरहेको प्रभावित बस्तीका स्थानीयहरू बताउँछन् । नगरभित्र निर्माण गरिएका अधिकांश नाला निर्माण गर्नुपूर्व प्राविधिकरूपमा पानीको बहावलाई लेखाजोखा गर्न वा ध्यान नदिइ हचुवाको भरमा रकम विनियोजन गरी निर्माण

(बाँकी अन्तिम पातामा)

## विचारसार एवं सूक्तिहरू

**जीवन नश्वर छ, ठीक छ; तर त्यसका दुई लक्ष्य भने अटल छन्–पहिलो आफ्नो लागि हिम्मत र दोस्रो अर्काका लागि सहानुभूति ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# असार १५ र धान माहात्म्य

**असार १५ अर्थात् धान दिवस । हुन त सरकारीस्तरमा धान दिवस मनाउनुपूर्व परापूर्वकालदेखि असार १५ मनाईंदै आएको हो । नेपालीहरूका लागि धान अर्थात् चामल वा भात आहारको अनिवार्य तत्त्व हो । भात नभएको भान्सा नै होइन भन्ने मान्यता अद्यावधि कायम छ । र भातले बिस्तारै महत्त्व पनि पाउँदै गएको छ । यस अर्थमा पनि कि हिजो भात नखानेहरूले भातको निकै बदख्वाईं गर्थे । आज तिनै भात माहात्म्य गाउँदै छन् । भातसँग खाइने परम्परागत दाल र तरकारी सबैका लागि सन्तुलित र पौष्टिक आहार साबित भएको छ । हो, ज्यादा आधुनिक बन्ने चक्करमा हामीले चामलको मर्यादा बिर्सेर चिल्लो, सेतो बनाउन थालेका छौं, त्यसले भातलाई केही रोगविशेषमा त्याज्य बनाएको छ । भात सदाबहार गुण भएको खाद्यान्न हो । चामल जति पुरानो हुन्छ, सुपाच्य हुन्छ । यो गुण अरू कुनै खाद्यान्नमा हुँदैन । प्रकृतिले नै चामललाई मूल्यवान् बनाएर त्यसमा कभर हालिदिएको छ । जब ताक पर्छ कभर हटाऊ र चामल बनाएर भात पकाऊ । तर अहिलेको वैज्ञानिक युगमा धानको भौतिक गुण जति प्रकाशमा आइरहेको छ, यसको सांस्कृतिक गुण गौण हुँदै गएको छ । यसको सांस्कृतिक पक्षलाई बिर्सँदा धानप्रति अन्याय हुन्छ ।**

**धान पानीमा फल्छ, सुख्खामा पनि उब्जन्छ, समुद्र सतहमा हुन्छ र समुद्र सतहभन्दा ३ हजार फिट माथि पनि फल्छ । धानका हजारौं प्रजाति छन् । मसिनो, गमकदार, मोटो सबै प्रकारमा यसको उत्पादन हुन्छ । नयाँ धान उसिना खानुपर्छ, सुपाच्य हुन्छ । पुरानो अरूवा चामल त के कुरा ? धान सेतो हुन्छ, रातो हुन्छ, कालो पनि हुन्छ । सबै प्रजातिको अलगअलग स्वाद हुने हुँदा यसको सेवनबाट कोही आजित हुँदैन । चामल जति भोज्य पदार्थ हो, त्यतिकै यसको धार्मिक तथा सांस्कृतिक महत्त्व पनि छ । धान हाम्रो पूजाको सामग्री हो, चामललाई अक्षता बनाएर देव मन्दिरमा चढाइन्छ, चामललाई पवित्र मानेर र यसको लिसाइलो गुणका कारण टीका लगाइन्छ । चामलको भात हुन्छ, च्यूरा हुन्छ, भुजा हुन्छ । चामलको प्रभाव ठण्ढा हुन्छ । यसले प्यास कम लाग्छ। छिटो भोक लाग्दैन । चामलको यही अतिगुणका कारण अल्छीहरूलाई भाते भनिन्छ । काम नगरी खानेलाई भतुवा भनिन्छ । कसैलाई गाली गर्नुपरे ईश्वरद्रोही भनेजस्तै भात खाएर काम नगर्नेलाई भाते वा भतुवा भनिएको हो । जब कुनै वस्तु अनुपम हुन्छ, त्यसको नानाप्रकारको उपयोग हुन्छ, त्यसबारे थरीथरीका लोकोक्ति बनाइन्छ । त्यसको उपमाको रूपमा प्रयोग गरिन्छ ।**

**धानको यस्तो विविधरूप र गुणका कारण नेपालीहरूले असार १५ मनाउँछन् । त्यसैले प्रकृतिले पनि अपवादबाहेक असार १५ गते पानी बर्साइदिन्छ । धानलाई पानी चाहिन्छ । धानखेतीबाट अन्यान्य लाभ पनि पाइन्छ । आजको अति आधुनिकताले बिगारेर मात्र हो, अन्यथा धानखेतमा माछा हुर्कन्थे । मानिस र वनस्पतिका शत्रुजीवहरू धानप्रति आकर्षित हुँदा माछा, चराचुरुङ्गीहरू तिनको भक्षण गरेर पर्यावरणीय सन्तुलन कायम पार्न सघाउ पुऱ्याउँथे । धानले गर्दा पशुधनको महत्त्व थियो । किनकि धानको असल उत्पादन र गुणवत्ता गोबरको मलमा मात्र हुन्छ । आज रासायनिक मलको अत्यधिक प्रयोगले धानको स्वाभाविक गुणवत्ता हराउँदै गएको छ । समाज र संस्कृतिको अरू आवश्यकता तथा समस्याहरूको समाधानमा क्षति पुगेको छ । सरकारले धान दिवस मनाउँदा धानको यी गुणहरूको पनि जगेर्ना गरे कति राम्रो हुन्थ्यो !**

# मधेसको साक्षरता र अन्य क्षेत्रमा परेको प्रभाव

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**मधेसको साक्षरता कम हुँदा यसको प्रभाव अन्य क्षेत्रमा पनि परेको छ । यहाँको संस्कृति संरक्षण, भाषाको सवाल र दैनिक जीवनशैलीमा पनि नकारात्मक असर परेको छ । भौतिक विकास तथा अग्रगामी चिन्तनमा प्रभाव परेको छ ।**

आजभोलि धेरै पालिका प्रमुखले शिक्षामा जोड दिइरहेको सुनिन्छ । शिक्षामा जोड दिनुको अर्थ हो विद्यालयमा पुग्नु, अनुगमन गर्नु, सामाजिक सञ्जालमा फोटो राख्नु र अन्तमा विद्यालयका शिक्षक वा प्रधानाध्यापकलाई केही निर्देशन दिनु । शायदै कोही पालिका प्रमुखले मनमा कुनै रिस नराखी, म मालिक हुँ भन्ने अहम्भाव नराखी कुनै विद्यालयको समस्या समाधान गर्न चाहेको होला । कुनै एक विद्यालयलाई सम्बन्धित पालिकाले पूर्णतः नमूना बनाउन कस्तो योजना बनाएको छ भन्ने कुरो कहिल्यै सार्वजनिक हुँदैन । कुनै एक विद्यालयलाई म पालिकाको तर्फबाट पूर्ण समस्यामुक्त बनाउन सक्छु भन्ने दृढ सङ्कल्प लिन सक्ने पालिका प्रमुखको सर्वथा अभाव छ । यो यस कारण पनि कि यो निकै जटिल कार्य हो ।

शिक्षामा सबै कुरा गर्न सजिलो छ तर जब लगानीको कुरा आउँछ, जनप्रतिनिधिहरू गल्न थाल्छन् । विनालगानी प्रतिफल राम्रो हुन सक्दैन । विनालगानी राम्रो प्रतिफल आउन नसक्ने भएपछि अनुगमन पनि बिस्तारै कमजोर हुन्छ र अवस्था जस्ताको तस्तै रहन्छ । पहिलेदेखि हुँदै आएको पनि यही हो । सम्हाल्नुपर्ने धेरै छ र सम्हाल्न सक्ने अवस्था सीमित छ भने केही कम्प्रोमाइज गर्नुपर्ने हुन्छ । फेरि अर्को पनि पक्ष छ, पालिका प्रमुख वा उपप्रमुख एक्लैले गरेर हुने पनि होइन । यसको लागि त समाज नै त्यस अनुरूप हुनु आवश्यक छ । जबकि हाम्रो समाज नै शिक्षित छैन । हाम्रो समाजले शिक्षामा अझ धेरै गर्न बाँकी छ । धेरै गर्न बाँकी कुन अर्थमा भने जब हामी विद्यालयमा वा समाजमा शिक्षाको कुरा गर्दछौं तब साक्षरताको पनि कुरा आउँछ । साक्षरताको जगमा नै शिक्षा अगाडि बढ्ने हो । साँच्ची मधेस प्रदेशमा साक्षरता सबैभन्दा कमजोर छ । यहाँको शिक्षामा एकैचोटि लगानी गरेर जादूको छडी घुमाएजस्तो परिवर्तन हुन सक्दैन । बिस्तारै हुन्छ, भइरहेको छ र हुँदै पनि जानेछ ।

सबैले बुझेको सत्य हो – मधेसको साक्षरता अत्यन्त कम छ । साक्षरता कम छ भन्ने कुरा प्रमाणित गर्ने दुई आधार छन् । पहिलो आधार हो देशको औसत साक्षरता र दोस्रो आधार अन्य प्रदेशको साक्षरता । जताबाट तुलना गरे पनि मधेस प्रदेशको साक्षरता कम देखिन्छ । साक्षरता मात्र होइन, मानव विकास सूचकाङ्कका हरेक पक्षमा यो प्रदेश पछाडि छ । नेपाल मानव विकास प्रतिवेदन, २०२० ले पनि अन्य प्रदेशको तुलनामा मधेसको साक्षरता निकै कम रहेको देखाउँछ । महिला साक्षरता त झन् कम छ । पहिले नेपालको औसत साक्षरता हेरौं । पाँच वर्ष वा सोभन्दा माथिका मानिस ६५.९४ प्रतिशत साक्षर छन् । यसमध्ये पुरुष साक्षरता ७५.१५ र महिला साक्षरता ५७.३८ प्रतिशत छ । देशको महिला साक्षरता पुरुष साक्षरताको तुलनामा मात्र होइन औसत साक्षरताभन्दा पनि कम छ । मधेसको त झन् तीनवटै क्षेत्रमा साक्षरता कम देखिएको छ ।

अहिले केही परिवर्तन भएको हुन सक्छ तर धेरै परिवर्तन नहोला किनभने खासै धेरै समय बितेको छैन । नेपाल मानव विकास प्रतिवेदन, २०२० ले मधेस प्रदेशको साक्षरता ४९.५४ प्रतिशत देखाएको छ । यसमा पुरुष साक्षरता ६०.०९ प्रतिशत र महिला साक्षरता ३८.८८ प्रतिशत छ । जबकि प्रदेश नम्बर १ को साक्षरता ७१.२२ प्रतिशत, वाग्मती प्रदेशको ७४.८५ प्रतिशत, गण्डकी प्रदेशको ७४.८१ प्रतिशत, लुम्बिनी प्रदेशको ६६.४३ प्रतिशत, कर्णाली प्रदेशको ६२.७७ प्रतिशत र सुदूरपश्चिम प्रदेशको ६३.४८ प्रतिशत छ । देशमा सबै किसिमको विकासमा कर्णाली प्रदेश पछाडि परेको मानिन्छ । कर्णाली प्रदेशलाई देशको दुर्गम प्रदेश पनि मानिन्छ तर नेपाल मानव विकास प्रतिवेदन, २०२० को साक्षरतासम्बन्धी तथ्याङ्कले देखाएको तथ्यले देशमा सबैभन्दा पछाडि परेको मधेस प्रदेश हो । साक्षरतासम्बन्धी सबै तथ्याङ्कले मधेस प्रदेशलाई देशको सबै प्रदेशको तुलनामा पछाडि परेको देखाउँछ ।

निस्सन्देह जब यहाँको साक्षरता निकै कम छ भने यसले अन्य क्षेत्रमा पनि प्रभाव पारेको छ । निरक्षरताले गरीबी बढाउँछ । गरीबीले पनि निरक्षरता बढ्छ । गरीबीले अचेतना बढाउँछ । जहाँ अहिले देशभर शिक्षाको गुणस्तरको कुरो आइरहेको छ र स्थानीय सरकारका प्रमुख, स्थानीय सरकारका कार्यालय प्रमुख तथा शिक्षा प्रमुखहरू शिक्षाको निरन्तर अनुगमन गरिरहेका छन् । अनुमगन गरेर दोषजति शिक्षकमाथि थुपारिरहेका छन्, यसमा पनि अशिक्षाले प्रभाव पारेको देखिन्छ किनभने कुनै सुविधाविना एकैचोटि शिक्षकले केही गर्न सक्दैन । निरक्षर अभिभावकले विद्यालयमा गएर गर्ने व्यवहार यस्तो पनि देखिएको छ ।

एकजना अभिभावक आउँछन् सन्तान लिएर । नाम लेख्न भन्छन् । सर्टिफिकेट पनि दिन्छन् । सर्टिफिकेट चार कक्षा पास गरेको हुन्छ । सन्तानलाई आठ कक्षामा नाम लेखाउन ढिपी गर्छन् । पहिले बोर्डिङमा पढेको कुरा गर्छन्, त्यसपछि उमेरको कुरा गर्छन् । नमिल्ने बताउँदा सोझै मेयरलाई फोन गर्छन् । अनि मेयरले पनि कुरा नबुझी सोझै प्रअलाई भर्ना गर्न आदेश दिन्छन् ।

एउटा कक्षामा एक सयजना विद्यार्थी छन् । कक्षामा बस्ने ठाउँको अभाव छ । कपितय विद्यार्थी कक्षा कोठामा बस्ने ठाउँ नपाएर उभिइरहेका छन् । तर पनि केही अभिभावक आफ्ना सन्तानलाई विद्यार्थी भर्नाका लागि दबाब दिन्छन् । त्यत्ति धेरै विद्यार्थी अटाएको कक्षामा मेरो एकजना कसरी नअटाउला ? भन्दै जसरी पनि भर्ना गराउन दबाब दिन्छन् ।

सरकारी विद्यालयसित समस्याहरू छन् । ती समस्या पनि समाजको अज्ञानता, अशिक्षा र चेतनासित जोडिएका छन् । विद्यालयमा कक्षाकोठाको अभाव, शिक्षकको अभाव र अन्य सामग्रीको अभाव अहिले मात्र देखिएको होइन । यस्ता अन्य अभाव तथा कमी–कमजोरी विद्यालयमा पहिलेदेखि नै छन् । जुन अभिभावक विद्यालयमा गुणस्तरीय शिक्षाको लागि आवाज उठाउँछन्, ती विद्यालयमा कक्षाकोठाको अभाव, शिक्षकको अभाव तथा शिक्षण सामग्रीको अभाव र गुणस्तरीय शिक्षाका लागि अझ के गर्न सकिन्छ भन्ने विषयमा खुला हृदयले न विद्यालयलाई सहयोग गर्छन्, न सम्बन्धित वडा तथा पालिकाबाट बजेट छुट्याउन लगाउँछन् । सबै गरीब अभिभावकमा यस किसिमको क्षमता हुँदैन र सबै अभिभावक यस्तै हुन् भन्ने पनि होइन । कतिपय अभिभावकले राम्रो चाहना राख्दाराख्दै पनि नसकेको अवस्था हो । एक्लो बृहस्पति झूटो भएको अवस्था पनि नभएको होइन तर अधिकांश अभिभावकले चाहेमा विद्यालयको गुणस्तर बढाउने मन्त्र जपेर पुग्दैन । गुणास्तरीय बनाउन देखा परेका अवरोधकहरू के–के हुन् ? तिनलाई क्रमशः हटाउँदै जानुपर्छ । अवरोधक हट्न नसक्नु मात्र होइन, हरेक वर्ष बढ्दै जानुको पछाडि पनि अभिभावकीय निरक्षरता वा अशिक्षा नै बढी जिम्मेवार रहेको देखिन्छ ।

साँच्चीकै मधेसको साक्षरता कम हुँदा यसको प्रभाव अन्य क्षेत्रमा पनि परेको छ । यहाँको संस्कृति संरक्षण, भाषाको सवाल र दैनिक जीवनशैलीमा पनि नकारात्मक असर परेको छ । भौतिक विकास तथा अग्रगामी चिन्तनमा प्रभाव परेको छ । मानिसको खानपान, रहनसहन, स्वास्थ्यमा पनि प्रभाव परेको छ । कृषि उत्पादनमा पनि प्रभाव परेको छ । रोजगारीमा प्रभाव परेको छ । यसैले त यो परिदृश्य सजिलै देख्न सकिन्छ कि यस प्रदेशमा मुद्दामामिला धेरै छन् । प्रशासन, अदालत र प्रहरी कार्यालयमा जहिले पनि भीडभाड भइरहन्छ । जसरी पनि मेरो काम हुनुपर्छ भन्ने जुँगाको लडाइँ छ । नेताहरूकहाँ मानिसको भीड यसरी हुन्छ कि साँचो अर्थमा सबैका कुरा सुन्ने फुर्सद नेताहरूलाई हुँदैन पनि । नेताहरूको अगाडि उभिनेले केवल आफ्नो कुरो गरिरहेको हुन्छ । अरू केही नभए आफूलाई सिफारिश नै चाहिएको हुन्छ । असल, निस्स्वार्थ र परमार्थको कामको लागि शायदै कोही मानिस नेता वा पालिका प्रमुखका अगाडि प्रस्ताव लिएर जान्छन् होला । निरक्षरता बढी रहेको वर्तमान सन्दर्भले अन्य क्षेत्रमा पनि प्रभाव पारेको छ ।

# नारायणगढ–मुग्लिन सडक : १७ ठाउँमा उच्च जोखिम

चितवन, १५ असार/रासस

नारायणगढ–मुग्लिन सडक खण्डका १७ ठाउँ पहिरोको हिसाबले उच्च जोखिममा देखिएको छ । यस वर्षको वर्षात्सँगै तीमध्ये सात ठाउँमा साना–ठूला पहिरो खसिसकेका छन् । डिभिजन सडक कार्यालय, भरतपुरका इ. सागर कार्कीका अनुसार चार किलो, नाम्सी पुल, तीन नम्बर पुल, २६ किलो, २० किलो, १५ किलो, जुगेडी बजार नजीकैको कविलास जाने बाटो उच्च जोखिममा देखिएका छन् ।

ती ठाउँमा यस वर्ष पहिरो खसेर दुःख दिइरहेको छ । तीमध्ये नारायणगढबाट ३१ किलोमिटर मुग्लिन तर्फ नाम्सी पुलमा धेरै समस्या आएको छ । त्यहाँ पुल निर्माण गर्दा काटिएको भित्तोबाट पहिरो खसेर समस्या आएको कार्कीले बताए । त्यसका अतिरिक्त सेती दोभान, कालिखोला, सिमलताल लगायत १० ठाउँ जोखिममा रहेका छन् । ती १७ ठाउँमा गत वर्ष पहिरो खसेको थियो ।

कतिपय ठाउँमा सुख्खा पहिरो खसेर दुःख दिएको कार्की बताउँछन् । राजधानी प्रवेश र बाहिरिने यो मुख्य सडकमा एक दिनमा १० हजार बढी सवारीसाधन गुड्छ । सडक पुनःनिर्माणको काम सकिए पनि सडक माथिका पहिरो जोखिम क्षेत्रको व्यवस्थापन हुन नसक्दा पहिरोको जोखिम कायम छ । डिभिजन सडक कार्यालय, भरतपुरका सूचना अधिकारी शिव खनालले सडक विस्तार र पुलःनिर्माणको काम एकैपटक नहुँदा समस्या भएको बताए ।



तस्वीरः सौजन्य

उनले भने–“मुख्यरूपमा पुल बन्दै गरेको ठाउँमा बढी समस्या देखिएको छ ।” ती ठाउँमा भित्ता काटिएकोले पहिरो खसेको हो । सो सडकखण्डमा निर्माण भइरहेका १९ पुलमध्ये चार वटाको निर्माण पूरा भएर हस्तान्तरण भइसकेको छ । १४ वटा निर्माणको अन्तिम चरणमा छ । एउटा निर्माण शुरू हुने प्रक्रियामा छ । नेपाल–भारत क्षेत्रीय व्यापार तथा यातायात परियोजना अन्तर्गत नारायणगढ–मुग्लिन सडकको ३६ किलोमिटर विस्तार विश्व बैंकको सहयोगमा भएको थियो । सन् २०१५ को अप्रिलमा ठेक्का सम्झौता भई रु दुई अर्ब ९० करोड खर्च गरी तीन वर्ष लगाएर सडक विस्तार गरिएको हो ।

सोही क्रममा ३१ ठाउँका पहिरो नियन्त्रणको काम गरिएको थियो । अधिकांश ठाउँमा भित्तो काटिएको थियो । जसमध्ये सात ठाउँमा महत्त्वका साथ पहिरो रोक्ने काम गरिएको थियो । पहिरो रोक्ने कामका लागि मात्र रु ४० करोड खर्च भएको छ ।

सडक विस्तारका क्रममा काटिएको भित्तो र ग्रामीण क्षेत्रमा जानका लागि खनिएका सडकका कारण धेरै ठाउँमा पहिरोले दुःख दिने गरेको थियो । यस वर्ष पुलका कारण ताछिएको भित्तोबाट समेत पहिरो खसेको हो ।

सो सडकमा वर्षात्को समयमा पटक–पटक पहिरो खसेर दुःख दिने गरेको छ । नारायणगढ–मुग्लिन र पृथ्वी राजमार्गले धेरै दुःख दिएपछि चितवन, धादिङ र तनहुँका प्रमुख जिल्ला अधिकारीसहितका सुरक्षा अधिकारी, डिभिजन सडकका प्रमुखसहितका सरोकारवालाको संयुक्त बैठक बसेर पूर्व तयारीका योजनासमेत तय गरिएको छ । पहिरोको उच्च जोखिम भएका क्षेत्रमा उपकरण र जनशक्ति तयारी अवस्थामा राख्ने निर्णय गरी कार्यान्वयनमा ल्याइएको छ ।

डिभिजन सडक कार्यालय, भरतपुरका

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

# धानको उत्पादन वृद्धिका लागि जैविक विविधताको संवर्द्धन

गलेश्वर, १५ असार/रासस

आज असारको पन्ध अर्थात् राष्ट्रिय धान दिवस। 'धानबालीमा जैविक विविधताको उपयोग, आयात प्रतिस्थापनमा सहयोग' भन्ने नाराका साथ विविध कार्यक्रमका साथ १९औं धान दिवस मनाइँदै छ। धानको बहुआयामिक महत्त्वलाई थप उजागर गरी यसको उत्पादन तथा उत्पादकत्व वृद्धि तथा व्यवसायीकरणलाई प्रवर्द्धन गर्ने उद्देश्यले आर्थिक वर्ष २०६१-६२ मा अन्तर्राष्ट्रिय धान वर्ष मनाउने सन्दर्भ पारेर नेपालमा असार १५ गतेलाई राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव मनाउने घोषणा भए अनुसार यस दिनलाई राष्ट्रिय दिवसको रूपमा मनाउन थालिएको हो। सरकारको २०६१ मङ्सिर २९ को मन्त्रीस्तरीय घोषणाले धान दिवस मनाउने निर्णय गरेपछि जनस्तरमा समेत स्थानीय कृषि सहकारी संस्था तथा अन्य समूहले औपचारिकरूपले धान दिवस मनाउँदै आएका छन्।


तस्वीर: रासस

कही वर्षयता बाली लगाउने समयमा रासायनिक मलको अभाव, समयमा पानी नपर्नु, उन्नत मल, बीउ र सिंचाइको उचित व्यवस्थापन हुन नसक्नुजस्ता कारणले बर्सेनि धान उत्पादनमा कमी आउँदा आयातित चामलमा निर्भर रहनुपरेको अवस्थामा कृषि वैज्ञानिकहरूले धान उत्पादन बढाउन जैविक विविधताको संवर्द्धनमा जोड दिएका छन्। धान उत्पादनको वृद्धि दर कम हुनु, खेतीयोग्य जमीन खण्डीकरण तथा घडेरीको रूपमा बिक्री वितरण, श्रम शक्तिको अभाव, सिंचाइ, भण्डारण तथा बजार पूर्वाधारको अपर्याप्ततताजस्ता प्रमुख कारणले पनि धान खेतीप्रति आकर्षण घट्दै गएको छ।

धान नेपालीका लागि खाद्यान्न मात्र नभएर यसको महत्त्व धर्म र नेपाली संस्कृतिसँग पनि जोडिएको छ। जन्मदेखि मृत्युसम्मका कर्ममा धानको प्रयोग अपरिहार्य हुन्छ भने वर्षभरि मनाइने विभिन्न चाडपर्वमा समेत यसको वर्चस्व रहन्छ। नेपालको हिमाल, पहाड र तराईमा चामलको उत्तिकै महत्त्व छ। नेपालमा मौसमको आधारमा वर्षे, चैते, भदैया, घैया र हिउँदे धान (बोरो धान) को रूपमा धानखेती हुने गर्दछ। समुद्री सतहबाट तराईमा ६० मिटरदेखि विश्वकै सबैभन्दा उच्च स्थान जुम्लाको छुमचौर, तीन हजार ५० मिटर उचाइसम्म धानको खेती गरिने कृषि विभागका महानिर्देशक रेवतीरमण पौडेलको भनाइ छ।

नेपालमा खेती गरिने कुल क्षेत्रफलको ४७.७ प्रतिशत जग्गामा धान खेती गरिन्छ। क्षेत्रफल र उत्पादनमा तराई क्षेत्रको हिस्सा ७० प्रतिशतभन्दा बढी रहेको विभागको तथ्याङ्कमा उल्लेख छ। अन्नबाली उत्पादनको कुल क्षेत्रफलको करीब ४५ प्रतिशतमा धान खेती हुने गरेको र कुल अन्नबाली उत्पादनमा ५० प्रतिशतभन्दा बढी धानको हिस्सा रहेको छ। नेपालमा वार्षिक करीब रु दुई खर्ब बराबरको धान तथा यसका उप-उत्पादन प्राप्त हुने कृषि वैज्ञानिक डा टीकाबहादुर कार्की बताउँछन्। मुलुकको कुल गार्हस्थ्य उत्पादनमा करीब २५ प्रतिशत अंश कृषिको रहेकोमा धानको गार्हस्थ्य उत्पादनमा १५ प्रतिशत योगदान रहेको तथ्यले धानले नेपालीको खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्नुका साथै राष्ट्रिय अर्थतन्त्रलाई चलायमान बनाउनसमेत महत्त्वपूर्ण भूमिका निर्वाह गरेको उनको भनाइ छ।

आर्थिक वर्ष २०७८-७९ मा १४ लाख ७७ हजार हेक्टर क्षेत्रफलमा धान खेती भई ५१ लाख ३० हजार मेट्रिक टन धान उत्पादन भएको थियो। अघिल्लो वर्षको तुलनामा धानको क्षेत्रफल ०.२६ प्रतिशतले वृद्धि भए तापनि उत्पादन भने ८.७४ प्रतिशतले घटेको विभागले जनाएको छ। क्षेत्रफल बढे पनि उत्पादन घट्नुमा २०७८ असोज ३१ देखि कात्तिक ३ गतेसम्म परेको बेमौसमी वर्षाले धान थन्क्याउने बेला, खासगरी सुदूरपश्चिम र लुम्बिनी प्रदेशका कैलाली, कञ्चनपुर, बर्दिया, बाँके तथा कपिलवस्तु जिल्लामा पारेको क्षति मुख्य कारण रहेको डा कार्कीको भनाइ छ।

धान बालीको विकास र विस्तारका लागि सरकारले सिंचाइ सुविधा विस्तार, मसिना धान प्रवर्द्धन, हिउँदे र चैते धान प्रवर्द्धन, सहुलियत दरमा गुणस्तरीय बीउ तथा मलखादको व्यवस्था, प्रविधि विस्तार, सार्वजनिक वितरण प्रणालीमा सुधार, न्यूनतम समर्थन मूल्यको कार्यान्वयनमा जोड दिएको विभागका महानिर्देशक पौडेलले बताए। उनका अनुसार बाली बीमा प्रवर्द्धन, जलवायुमैत्री प्रविधिको विकास, धान उत्पादन तथा बजारीकरणमा निजी तथा सहकारी क्षेत्रको संलग्नता, बाँझो जमीनको सदुपयोगजस्ता कार्यक्रम सञ्चालन गर्दै आएको छ।

त्यस्तै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत धानबालीको लागि पकेट, ब्लक, जोन तथा सुपरजोनजस्ता विशिष्टिकृत उत्पादन क्षेत्र निर्धारण गरी त्यस्ता उत्पादन क्षेत्रहरूमा धान बालीको व्यवसायीकरण, यन्त्रीकरण तथा उद्योगीकरणलाई प्रवर्द्धन गर्न विभिन्न क्रियाकलाप सञ्चालन गरिएका छन्। चालू आर्थिक वर्षमा सशर्त वित्तीय हस्तान्तरणमा धान उत्पादनको प्रचुर सम्भावना बोकेका प्रमुख क्षेत्रहरू र नेपाल सरकारबाट निर्मित साना, मझौला तथा ठूला सिंचाइ आयोजनाहरूको कमाण्ड क्षेत्रभित्र पर्ने ५९ वटा स्थानीय तहमार्फत धान उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालनमा रहेका छन्। आगामी आवमा ६८ वटा स्थानीय तह र सातवटै प्रदेशका कृषिसँग सम्बन्धित प्रादेशिक मन्त्रालयहरूमार्फत सो कार्यक्रमलाई निरन्तरता दिइएको कृषि विभागले जनाएको छ।

उत्पादन वृद्धिका लागि उन्नत जातको प्रयोगलाई बढावा दिन हालसम्म नेपालमा तराई, मध्यपहाड र उच्च पहाडको लागि सूचित गरिएका खुल्ला सेचित र हाइब्रिड गरी आठवटा स्थानीय र रैथाने जातसहित जम्मा १४४ वटा धानका जात सिफारिश गरिएको जनाइएको छ। त्यसैगरी वर्णशङ्कर जातको बढ्दो माग सम्बोधन गर्न दुईवटा स्वदेशी हाइब्रिड धानका जात सूचित भई कृषकमाझ उपलब्ध रहेको विभागले जनाएको छ। त्यसैगरी सुख्खा तथा अर्धसिञ्चित अवस्थालाई मध्यनजर राखी डुबान तथा सुख्खा सहन गर्न सक्ने केही धानका जातसमेत विकास भई कृषक माझ लोकप्रिय भएका छन्। उन्नत बीउबिजनको मात्र प्रयोगले १५ देखि २० प्रतिशत उत्पादकत्व वृद्धि गर्न सकिने नेपालका कृषि वैज्ञानिक तथा कृषि अनुसन्धानकर्ताको राय रहेको छ।

अन्य बालीजस्तै धानबालीमा पनि बीमाको व्यवस्था गर्दै ८० प्रतिशत प्रिमियम सरकारले नै उपलब्ध गराउने व्यवस्था मिलाइएको विभागका महानिर्देशक पौडेलले बताए। धानको उत्पादकत्व वृद्धिका लागि रासायनिक मलको सहज तथा सुलभ उपलब्धताको लागि सरकारले अनुदानमा मलखाद वितरणलाई विशेष प्राथमिकतामा राखेको छ।

नेपालमा धानको कुल क्षेत्रफलमध्ये करीब १० प्रतिशत क्षेत्रफल रैथाने तथा स्थानीय धानका जातले ओगटेका छन् भने २५०० भन्दा बढी धानका रैथाने जात रहेकोमा १५० भन्दा बढी जात कृषकले खेती गर्दै आइरहेको विभागको तथ्याङ्कले देखाएको छ। रैथाने धानका जातहरू जलवायु अनुकूलित हुनुका साथै पोषणयुक्त एवं रोग-कीरा सहन सक्ने भएकाले खाद्य तथा पोषण सुरक्षामा धान बालीका जैविक विविधताको अत्यन्त महत्त्वपूर्ण भूमिका रहने वरिष्ठ कृषि वैज्ञानिक डा कार्कीले बताए।

नेपालमा पाइने रैथाने तथा स्थानीय धानका जातहरू उच्च उत्पादन दिने उन्नत तथा वर्णशङ्कर धानका जातहरूको विकासका लागि उपयोग गर्न सकेमा निश्चय पनि धान-चामलको बढ्दो आयात न्यूनीकरण गर्न सहयोगी हुन सक्ने उनको राय छ।

# सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन माग

जनकपुर, १५ असार/रासस

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकले आफूहरूलाई पनि सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन माग गरेका छन्।

राष्ट्रिय मानव अधिकार आयोग मधेस प्रदेश र सुनौलो बिहानी समाजद्वारा आयोजित कार्यक्रममा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको मानव अधिकारको अवस्था विषयक छलफल कार्यक्रममा सहभागी यौनिक तथा अल्पसङ्ख्यकले एकल महिला सरह आफूहरूलाई पनि सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन माग गरेका हुन्।

"एकल महिला जस्तै हामी पनि एकल नै छौं, तर एकल महिलालाई सरकारले भत्ता उपलब्ध गराउँछ हामीलाई दिँदैन," जुन चौधरीले भनिन्, "पहिला हामी नाचगान गरेरै जीवन चलाउँथ्यौं, तर अहिले यस्तो अवस्था छैन।"

अर्का यौनिक अल्पसङ्ख्यक सिम्रिक कुमारीले आफूहरूमाथि दुर्व्यवहार भइरहँदा पनि सहेरै बस्नुपर्ने बाध्यता रहेको बताइन्। आफूहरूको पहिचान नै राज्यले स्वीकार्न नसकेको गुनासो गर्दै लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकले पुरुष र महिला जस्तै आफूहरूको पहिचानकै आधारमा नागरिकता उपलब्ध गराउनसमेत माग गरेका छन्।

यौनिक अल्पसङ्ख्यक समुदायमा एचआईभी सङ्क्रमणको जोखिम बढ्दै गए पनि राज्यले आफूहरूको स्वास्थ्यप्रति गम्भीरता नदेखाएको उनीहरूले गुनासो गरेका छन्। "धनुषामा करीब डेढ सयको हाराहारीमा एचआइभी सङ्क्रमित छन्, त्यसमध्ये करीब ३६ जना त यौनिक अल्पसङ्ख्यक नै छन्," सनौलो बिहानी समाजका कार्यक्रम संयोजक सत्यनारायण साहले भने, "सङ्क्रमित नियमित औषधि उपचारसँगै उचित परामर्श लिइरहनुभएको छ।"

यसबाहेक कार्यक्रममा सहभागी लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकले आफूहरूका लागि प्रदेशस्तरमा समावेशी ऐन, नीति तथा बजेट विनियोजन गर्नुपर्ने, नीति निर्माण तहमा आफूहरूको प्रतिनिधित्वको सुनिश्चितता गर्नुपर्ने, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यककै आधारमा सहजरूपमा नागरिकता दिनुपर्नेलगायतका मागसमेत राखेका छन्। कार्यक्रममा धनुषाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले परिवर्तित समयमा यौनिक अल्पसङ्ख्यकले आफ्नो पुरानो पेशालाई परिवर्तन गर्नुपर्ने सुझाव दिए। मधेस प्रदेश सरकारको महिला, बालबालिका, युवा तथा खेलकूद मन्त्रालयका सचिव ठूलोबाबु दाहालले जनशक्ति अभावका कारण यौनिक अल्पसङ्ख्यकको तथ्याङ्क सङ्कलन गर्न नसकेको बताए। यौनिक अल्पसङ्ख्यकको लागि प्रदेश सरकारले बजेट छुट्याएको जानकारी दिँदै उनले आगामी वर्षमा तथ्याङ्क सङ्कलनसँगै उनीहरूको स्वास्थ्य सुरक्षा र रोजगारलगायतका विषयमा कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरे।

राष्ट्रिय मानव अधिकार आयोग मधेस प्रदेशका प्रदेश प्रमुख वीरबहादुर बूढामगरले यौनिक अल्पसङ्ख्यकको विवाहलाई कानूनी मान्यता दिनु आवश्यक रहेको जिकिर गर्दै यौनिक अल्पसङ्ख्यकको तथ्याङ्क सङ्कलनसँगै बजेट छुट्याएर जनचेतनामूलक कार्यक्रम गर्न आयोगले प्रदेश सरकारलाई सुझाव दिएको बताए।

जिल्ला बार एशोसिएशन, धनुषाका अध्यक्ष किशोरी साहले समाजमा अझै हेय दृष्टिकोणबाट हेर्ने र शिक्षाबाट वञ्चित गराउने प्रवृत्तिका कारण यौनिक अल्पसङ्ख्यक सङ्कटमा परेको उल्लेख गर्दै आफ्ना अधिकारका लागि अघि बढ्नुपर्ने सुझाव दिए।

# आँपखेतीप्रति किसान आकर्षित

जनकपुर, १५ असार/रासस

धनुषाको मिथिला नगरपालिकाका किसान रमेश महतोले आँपखेतीबाट राम्रो आम्दानी गरेका छन्। करीब एक बिघा क्षेत्रफलमा लगाएको आँपको बगैंचामा उत्पादित आँप बिक्री गरी यस वर्ष मात्र रु पाँच लाखभन्दा बढी कमाउन उनी सफल भएका छन्।

आँपखेतीबाट राम्रो आम्दानी भएपछि महतो उत्साहित छन्। "एक वर्षमै रु पाँच लाखको आँप उत्पादन हुन्छ भन्ने विश्वासै थिएन, तर उत्पादन बढेपछि उत्साहित भएको छु," महतोले भने, "अब थप एक बिघा जग्गामा आँपको बोट लगाउने सोच बनाएको छु।" निम्न मध्यवर्गीय परिवारका महतोले आँपखेतीबाट राम्रो आम्दानी हुन थालेपछि आफ्नो आयस्तरमाथि उठेको उनी बताउँछन्। आँपखेतीबाटै आफ्ना छोराछोरीलाई निजी विद्यालयमा पढाउँदै आएको महतोको भनाइ छ।

सप्तरीको सुरुङ्गा नगरपालिका-८ श्रीपुरका जगदीश चौधरीले पनि यस वर्ष आँपखेतीबाट करीब रु नौ लाख कमाइ भएको बताए। विगत एक दशकदेखि व्यावसायिकरूपमा आँपखेती गर्दै आएका चौधरीले आँपखेतीकै कमाइबाट पक्की भवन बनाउनुका साथै कुटानीपिसानी गर्ने मिलसमेत खरीद गरेका छन्।

"अहिले आँपको बगैंचा लगाइएको तीन बिघा जग्गामा पहिला धानबाली लगाउँदै आएको थिएँ," चौधरीले भने, "धानबालीमा लगानी अनुसारको फाइदा हुँदैनथ्यो, त्यसैले धानबाली लगाउने खेतमै आँपको बगैंचा लगाएको छु, अहिले आँपखेतीबाटै बर्सेनि राम्रै आम्दानी भइरहेको छ, यसबाट सन्तुष्ट छु।"

लहान नगरपालिका-१५ ढोढनाका अशोक चौधरीले यस वर्ष आँप राम्रै फलेको बताए। रमेश, जगदीश र अशोक मात्र होइनन्, धनुषा, सिराहा र सप्तरीका किसानले आँपखेतीलाई मनग्य आम्दानी गर्ने माध्यम बनाएका छन्। पूर्व-पश्चिम राजमार्गसँगै जोडिएको सप्तरीको श्रीपुर गाउँ आँपखेतीको लागि प्रख्यात छ। सो गाउँमा प्रायः सबैको घरमा आँप बिक्रीबाटै चल्छ।



पूर्व-पश्चिम राजमार्गको आसपास क्षेत्रमा पर्ने सप्तरीको सीतापुर, घोघिदाहा, महुली, कल्याणपुर, सिराहाको लहान, धनगढी, गोलबजार, मिर्चैया, कर्जन्हा, बन्दीपुर, धनुषाको वीरेन्द्रबजार, गोदार, ढल्केबरलगायत स्थानमा बढी आँप उत्पादन हुने गरेको छ।

सप्तरी, सिराहा र धनुषामा उत्पादन हुने आँप काठमाडौं, पोखरा, बुटवलका साथै भारतीय बजारमा बिक्रीका लागि लैजाने गरिन्छ। किसानले बम्बई, मालदह, दसहरी, कलकतियालगायत प्रजातिका आँप बढी उत्पादन गर्ने गरेका छन्।

# भारी वर्षाको सम्भावना

काठमाडौं, १५ असार/रासस

मनसुनी वायुको प्रभावले देशभर आङ्शिकदेखि पूर्ण बदली रही केही वर्षाको सम्भावना छ। सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशको केही स्थानमा पनि भारी वर्षाको सम्भावना छ।



स्थानमा भारी वर्षा हुने भएको छ। जल तथा मौसम विज्ञान विभागका अनुसार मनसुनी न्यून चापीय रेखा औसतभन्दा उत्तरतिर (नेपालको दक्षिणी भूभाग नजीक) रहेकोले भारी वर्षा भएको छ।

शुक्रवारदेखि मौसममा क्रमिक सुधार हुने विभागले जनाएको छ। उक्त प्रणालीको प्रभावले देशभर सामान्यदेखि पूर्ण बदली रही देशका धेरै स्थानमा मेघगर्जन, चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावनाका साथै प्रदेश नं १, मधेस प्रदेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा भारी

रातको समयमा देशभर सामान्यदेखि पूर्ण बदली भई धेरै स्थानमा मेघगर्जन, चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थानमा साथै मधेस प्रदेश, बागमती प्रदेश र सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना छ। मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरण अनुसार कास्कीमा २३.८, धनगढीमा ४२.१, विराटनगरमा ३१.६, नेपालगंजमा ३.२, सिमरामा ९.८, र काठमाडौंमा ४.१ मिलिमिटर वर्षा मापन भएको छ।


अविरल वर्षाका कारण निजगढका विभिन्न होचा स्थानमा रहेको बस्ती बुधवार डुबानमा परेको छ। कभर्डहलसँगै वैकल्पिक पुल प्रयोग गरेर आवतजावत गर्दै स्थानीय। तस्वीर: जीतलाल श्रेष्ठ

# जोखिमयुक्त बन्दै सडक

महोत्तरी, १५ असार/रासस

केही दिन बिराएर लगातारजसो पानी झम्केर पर्दैछ । असार मध्यको यो बर्खे मौसममा यहाँका मुख्य सबैजसो सडकको अवस्था बेहाल छ । वर्षाको पानीको उपयुक्त निकास हुन नसक्दा सडक हिलाम्य भएका हुन् । जिल्लाका सबैजसो सडकमा खाल्डाखुल्डी बढ्दै गएर जताततै पोखरीजस्तै आहाल बनेपछि सडक यात्रा अहिले देखादेखी जोखिमपूर्ण बनेको छ ।





तस्वीरः फाइल

बर्दिवास-रामगोपालपुर-जलेश्वर सडकको बर्दिबासस्थित भोलावसन्त चोकदेखि मसनघट्टासम्मको करीब चार किलोमिटर दूरीभित्र सडक धान रोप्न हिल्याइएको खेतजस्तै बनेको छ । बर्खा लागेपछि यो खण्डमा ढल बनाउने, सडक सम्याउने र विस्तार गर्ने भन्दै ठूलाठूला यान्त्रिक उपकरण चल्न थालेपछि पैदल हिंड्न पनि सकस परेको सर्वसाधारण बताउँछन् ।

सडक स्तरोन्नति र ढल निर्माणको जिम्मेवारी पाएका ठेकेदारले कामका लागि असजिलो बेला छान्दा सडकमा पैदल हिंड्डुल पनि असजिलो बन्दै गएको सो सडकखण्डकै बर्दिबास-१४ का बासिन्दा भरत पोखरेल बताउँछन् ।

बर्खामा यान्त्रिक उपकरण चलाइँदा सडक झन् बिग्रेको सर्वसाधारणको भनाइ छ । "बर्खाको पानीले कोमल्याएको माटोमा एस्काभेटर चलाएपछि माटो गिजोलिएर हिलाम्य भएको हो," बर्दिबास-२ की गृहिणी पवित्रा खड्का भन्छिन्, "यही काम हिउँदमा गरिदिएको भए सडकको यो दशा हुने थिएन होला नि !" विकासे कामलाई असार पर्खने बानीले बन्नुभन्दा बिग्रनु बढी भएको खड्काको भनाइ छ ।

जिल्लाको माईस्थान-गौशाला-सम्सी सडकको निगौल-सम्सी खण्ड पनि खाल्डाखुल्डीमा परिणत भएको छ । तीन वर्ष पहिले मात्र कालोपत्र गरिएको यो सडकको बैरियामा सडकमैं भैंसी बस्ने ठूलाठूला खाडल छन् । त्यसैगरी, सम्सीचोकमा पनि मुख्य सडकमा खाल्डाखुल्डी बनेका छन् । पहिले गुणस्तरीय काम नहुने र सडक भत्कन लाग्दै मर्मत सम्भारमा ध्यान नदिइनुले सडक समस्या बढाएको सम्सीका सामाजिक कार्यकर्ता मोहम्मद इम्तियाज बताउँछन् ।

त्यस्तै, बर्दिबास-रौजा-जलेश्वर र सम्सी-रामगोपालपुर-लोहारपट्टि-जनकपुरसहितका मुख्य सडक सामान्य वर्षामैं ठाउँठाउँ भत्किएर सवारीसाधन चल्न नसक्ने भएका छन् । खाल्डैखाल्डा बढेको र सबैमा फोहर पानी जमेपछि यी सडकमा साइकल, मोटरसाइकलजस्ता साना दुई पाङ्ग्रे साधन चलाउन पनि अप्ठ्यारो भएको छ । यीमध्ये बर्दिबास-रामगोपालपुर-जलेश्वर सडक सुधार आयोजना कार्यालय, बर्दिबास अन्तर्गत र अन्य हुलाकी राजमार्ग कार्यालय, जनकपुरधाम अन्तर्गत स्तरोन्नतिको काम थालिएका सडक हुन् । यद्यपि काम थालिएको तीन/चार वर्ष नाघ्दा पनि परिणाममुखी नतीजा भने नदेखिंदा सर्वसाधारणमा सडक बन्ने आस मरेको छ ।

यीबाहेक पूर्व-पश्चिम राजमार्गको अवस्था पनि अत्यन्त नाजुक छ । पूर्वमा रातु नदीको पुलदेखि पश्चिममा बाँके नदीको पुलसम्मको महोत्तरीमा पर्ने राजमार्ग क्षेत्रमा सयौं सङ्ख्याका खाल्डा बनेका छन् ।

सडक भत्कन थालेसँगै तत्काल मर्मतसम्भारका काम नगरिंदा सडकको दुरवस्था बढेको हो । यो मुख्य राजमार्गको रेखदेख आफ्नो कार्यक्षेत्रभरि सडक डिभिजन कार्यालय, मुजेलिया, जनकपुरधामले गर्दै आएको छ ।

राजमार्गका यी असङ्ख्य खाल्डाखुल्डीले दुर्घटना जोखिम निकै बढाएको जिल्ला ट्राफिक प्रहरी कार्यालय, बर्दिबासका प्रहरी नायब निरीक्षक होमबहादुर भित्रीकोटी बताउँछन् । राजमार्गमा खाल्डाखुल्डीले बढाएको दुर्घटना जोखिम टार्न ट्राफिक प्रहरीले बजारचोक क्षेत्रमा खाल्डा बनेका ठाउँमा 'ट्राफिक कोण' बनाएको छ । दिनहुँ खाल्डा बढ्दै जाँदा 'ट्राफिक कोण' पनि कति ठाउँ राख्ने भन्ने समस्या बढेको ट्राफिक प्रहरीको गुनासो छ ।

राजमार्गका पुलहरूको अवस्था अत्यन्त नाजुक बन्दै गएको छ । पूर्वमा धनुषासँगको साँधेको रातुपुलदेखि पश्चिममा सर्लाहीसँगको सीमा बाँके नदीको पुलबीचमा सानाठूला गरी १५/१६ पुल छन् । सबैजसो पुलमा कालोपत्र उधिनिएर खाल्डाखुल्डी बढेका छन् । रातु, रातुछहरा, भब्सी, अटाबे, जङ्घा, गणन्ता, ढुङ्ग्रे, टुटेश्वर, ढोलनखोला, मरहा, खयरमारा र बाँके नदीलगायतका पुल जीर्ण भएका छन् । पुलको कालोपत्र उप्केर ठाउँठाउँमा भ्वाङ परेका छन् । यीमध्ये जङ्घामा चार वर्ष पहिले पुलको मर्मतसम्भार र रातुमा तीन वर्ष पहिलेमात्र नयाँ पुल प्रयोगमा आएको हो ।

अहिले अरू पुलजस्तै यिनमा पनि कालोपत्र उप्किन थालेको छ । रातुको नयाँ पुल त प्रयोगमा आएलगत्तै भ्वाङ पर्न थालेपछि कैयन पटक टालटुल पारिएको छ । नयाँ पुल निर्माण भएर प्रयोगमा आएको केही समयभित्रै खाल्डाखुल्डी बढेपछि निर्माण चरणमैं कमसल सामग्री प्रयोग गरिएको यस भेगका सर्वसाधारणको गुनासो छ ।

यसै खण्डको भब्सीमा भने भर्खर नयाँ पुल सञ्चालनमा आएको छ । पूर्व-पश्चिम राजमार्ग र अन्य हुलाकी मार्गमा यहाँका स्थानीय तहले काम छुने गरेका छैनन् । यी सबै सडकको मर्मतसम्भार सम्बन्धित फरक-फरक कार्यालयको जिम्मेवारीभित्र रहेको हुँदा सम्बद्ध कार्यालयलाई घच्घच्याइरहेको यस भेगका जनप्रतिनिधिको भनाइ छ ।

यसैबीच, डिभिजन सडक कार्यालय, मुजेलियाले आफ्नो कार्यक्षेत्रका सबै सडकको निर्माण र मर्मतसम्भारको काम नियमित भइरहेको जनाएको छ । मर्मत गरिनुपर्ने ठाउँमा मौसमको प्रतिकूलताले केही पर्खन परे पनि अनुकूल समय हुनासाथ काम गरिंदै आएको डिभिजन प्रमुख रामटहल यादव बताउँछन् । कामका लागि उपयुक्त मौसम पर्खंदा कहिलेकाहीं समय अघिपछि हुने गरेको भने यादवको स्वीकारोक्ति छ ।

यसैगरी, बर्दिबास-रामगोपालपुर-जलेश्वर सडकको बर्दिबास-मसनघट्टा खण्डको रेखदेख गरिरहेको सडक सुधार कार्यालय, बर्दिबासले हिउँददेखि नै निरन्तर गरिरहेको काममा कतैकतै काम गर्दै जाँदा बर्खा लागेको जनाएको छ । त्यस्तै, हुलाकी राजमार्ग कार्यालय, जनकपुरधामले बर्खा रोकिएपछि खाल्डाखुल्डी पुर्ने र मर्मतसम्भारका काम अघि बढ्ने जनाएको छ ।





पोखरा-२५ मा बुधवार आयोजित दोस्रो राष्ट्रिय हेम्जा हिले महोत्सव तथा असारे रोपाइँ महोत्सवमा रमाउँदै विदेशी पर्यटकहरू । तस्वीर: रासस





ललितपुरको इमाडोलमा धानको बीउसँग रमाउँदै बालिका र खेत जोत्दै किसान।

## फरक समाचार

# ४० को उमेरमा खानपानमा विशेष ध्यान

आजकल अधिकांश काम कम्प्युटर वा ल्यापटपबाट हुने भएकोले मानिसको शारीरिक गतिविधि नगण्य छ । अर्कोतर्फ खानको लागि यतिधेरै स्वादिष्ट चीजहरू छन् कि यसबाट बच्न धेरै गाह्रो छ । यदि तपाई ४० वर्षको उमेरमा पुग्नुभएको छ भने तपाईंले आफ्नो खानपानमा केही परिवर्तन गर्नुपर्छ, नत्र धेरै प्रकारका शारीरिक समस्याले सताउनेछन् । पोषणविज्ञ आयशा सलमानीले ४० वर्ष उमेरका पुरुष तथा महिलाले आफ्नो आहारमा के के कुरामा ध्यान दिनुपर्छ, कुन कुन कुराहरू आफ्नो आहारमा नियमितरूपमा समावेश गर्नुपर्छ भन्ने बताएकी छन्, ताकि उमेर बढ्दै जाँदा शारीरिक र मानसिकरूपमा तपाई स्वस्थ र सक्षम हुनुहोस् ।



४० वर्षको उमेर मानिसको लागि यस्तो अवस्था हो, जहाँ खानपान, दिनचर्यामा अलिकति पनि लापरवाही भयो भने स्वास्थ्यसँग सम्बन्धित धेरै किसिमका समस्या हुन थाल्छन् । मधुमेह, मोटोपन, मेटाबोलिज्म सुस्त हुनुका साथै रोग प्रतिरोधात्मक क्षमता पनि कमजोर हुन सक्छ । यसका साथै मुटुसँग सम्बन्धित रोगले पनि दुःख दिन थाल्छ । तर अहिले ३० वर्ष पुगेका मानिसमा पनि मुटुसम्बन्धी समस्या निकै बढेको छ । यदि तपाई आफ्नो स्वास्थ्यको ख्याल राख्नुहुन्छ भने ४० वर्षको उमेरमा आहारमा यी परिवर्तनहरू गर्नुहोस् ।

**आहारमा क्याल्शियम समावेश गर्नुहोस्**

४० वर्षको उमेरमा महिलामा एस्ट्रोजन हार्मोनको स्तर घट्छ । यो उमेरका मानिसको हड्डी कमजोर हुन थाल्छ, जसका कारण ४० वर्षभन्दा माथिका मानिसलाई क्याल्शियमको आवश्यकता बढी हुन्छ । यो उमेरमा महिला र पुरुष दुवैले ब्रोकाउली, सुन्तला, हरियो सागसब्जी, दूधलाई आहारमा बढी समावेश गर्नुपर्छ । प्रायः यो उमेरका पुरुषहरू सोच्छन् कि उनीहरूको हड्डी बलियो छ, कुनै समस्या हुँदैन, त्यसैले दूध र दहीको सेवन कम गर्छन् । यसो गर्नबाट बच्नुहोस् । दुग्धजन्य पदार्थको बढी सेवन गर्नुपर्छ, किनभने यी चीजहरूमा क्याल्शियमको मात्रा सबैभन्दा बढी पाइन्छ ।

**भिटामिन डीले हड्डी र रोग प्रतिरोधात्मक क्षमता बलियो बनाउँछ**

भिटामिन डीले हड्डीलाई मजबूत बनाउनुका साथै रोग प्रतिरोधात्मक क्षमतालाई मजबूत बनाउँछ । यसका साथै यसले स्तन र पेटको क्यान्सरबाट पनि बचाउँछ । यस्तो अवस्थामा भिटामिन डी पाउन महिलाले बिहान घाममा केही बेर बस्नुपर्छ । ४० वर्षको उमेरमा पुगेपछि शरीरमा भिटामिन डीको कमी हुन जान्छ, त्यसैले यो उमेरमा यस्ता खानेकुराहरू बढीभन्दा बढी खानुहोस्, जसमा भिटामिन डी प्रशस्त मात्रामा पाइयोस् ।

**नियमितरूपमा फाइबर खानुहोस्**

फाइबरले कोलोन क्यान्सरबाट बचाउँछ । यसले कोलेस्ट्रोल पनि कम गर्छ । यस्ता चीजहरू खानुहोस्, ताकि शरीरलाई पर्याप्त मात्रामा घुलनशील र अघुलनशील फाइबर प्राप्त होस् । यसका लागि दैनिक फलफूल, तरकारी, जौ, जई, अनाज आदिको सेवन गर्नुपर्छ । यी सबैले पाचनसम्बन्धी समस्याबाट बचाउँछ । पेट सफा रहन्छ । तौल नियन्त्रणमा रहन्छ, किनभने फाइबरको सेवनले पेट लामो समयसम्म भरिपूर्ण रहन्छ र तपाई कुनै पनि समयमा अस्वस्थकर खानेकुरा खानबाट जोगिनुहुन्छ ।

# फिटकिरीका अनेक फाइदा

घरेलु उपचारमा फिटकिरीको धेरै उपभोग गरिन्छ, तर यसको ज्योतिष वा वास्तु उपचार पनि धेरै प्रभावकारी साबित हुन्छ ।

घरमा यस्ता धेरै चीजहरू हुन्छन्, जसको घरेलु उपचारका साथसाथै ज्योतिष र वास्तु उपचारका लागि प्रयोग गर्न सकिन्छ । तीमध्ये एउटा महत्त्वपूर्ण वस्तु फिटकिरी हो । फिटकिरीमा यस्ता गुण पाइन्छन्, यसले नकारात्मक ऊर्जा ग्रहण गरेर सकारात्मक ऊर्जा दिन्छ । सानो फिटकिरीका धेरै लाभ छन् । फिटकिरी सेतो रङ्गको पदार्थ हो, जसको प्रयोग औषधि बनाउन र पूजा गर्न गरिन्छ । जबकि धेरैले फिटकिरीसँग सम्बन्धित यी उपायहरू अपनाएर समस्याबाट छुटकारा पाउँछन् ।



**आर्थिक लाभ प्राप्त गर्न**

फिटकिरीको एक टुक्रा तिजोरीमा राख्दा तथा फिटकिरीको पानीले नुहाउँदा धनलाभ हुन्छ । यसबाहेक कालो कपडामा बाँधेर घर वा पसलको मुख्य ढोकामा झुन्ड्याउँदा दिशाहरूबाट लाभ मिल्छ र धनप्राप्ति हुन थाल्छ ।

**ऋणबाट मुक्त हुन**

यदि तपाई ऋणमा हुनुहुन्छ भने तपाईंले यी उपायहरू तीन बुधवार गर्नुहोस् । यस उपाय अन्तर्गत पानको पातमा फिटकिरी र सिन्दुर लगाएर यो पातलाई धागोको सहायताले बाँध्नुहोस् । त्यसपछि बुधवार बिहान पीपलको रूखमुनि गाडिदिनुहोस् । यी उपाय अपनाएमा ऋणबाट छिट्टै छुटकारा पाउनुहुनेछ ।

**नकारात्मक ऊर्जा हटाउन**

घरबाट नकारात्मक ऊर्जा हटाउन पनि फिटकिरी निकै फाइदाजनक हुन्छ । तपाई आफ्नो घरको बाथरूममा एउटा कचौरामा फिटकिरी राखेर यो कचौरालाई अरू कसैले नदेख्नेगरी बाथरूममा राख्नुहोस् । यो उपाय गर्नाले तपाईंको घरको नकारात्मक ऊर्जा समाप्त हुन्छ ।

**वास्तु दोष हटाउन**

जसको घरमा वास्तु दोष छ, उनीहरूले आफ्नो घरको प्रत्येक कोठामा फिटकिरीको टुक्रा राख्नुपर्छ । यसो गर्नाले तपाईंको घरको वास्तु दोषले तपाईंको जीवनमा असर गर्दैन र घरको वास्तु दोष पनि ठीक हुन्छ ।

**नराम्रो नजरबाट बच्न**

यदि कसैलाई नराम्रो नजर लागेको छ भने फिटकिरीको सहयोगले बच्न सकिन्छ । यसका लागि नराम्रो नजर लागेको व्यक्तिको टाउकोमा फिटकिरीको टुक्रालाई सातपटक घुमाउनुहोस् र फिटकिरीको टुक्रालाई जलाउनुहोस् । फिटकिरी जलाउनाले नराम्रो नजरको प्रभावलाई पूर्णरूपमा हटाउन सकिन्छ ।

**डरलाग्दो सपनाबाट बच्न**

डरका कारण अक्सर मन अशान्त हुन्छ । यदि तपाई पनि राति डरलाग्दो सपना देख्नुहुन्छ भने कालो कपडामा फिटकिरी बाँधेर ओछ्यानमुनि राख्नुहोस् । यसो गर्नाले तपाई डरलाग्दो सपनाबाट टाढा रहनुहुनेछ । अर्कोतर्फ आइतवार वा मङ्गलवार टाउकोमुनि फिटकिरीको टुक्रा राखेर सुत्दा पनि नकारात्मक सपना आउन बन्द हुन्छ ।

**कलह अन्त्य गर्न**

यदि परिवारका सदस्यहरूबीच मनमुटाव छ भने एउटा जारमा पानी भर्नुहोस् र आफ्नो ओछ्याननजीक राख्नुहोस् । राति त्यस जारमा फिटकिरी राख्नुहोस् र भोलिपल्ट बिहान यो पानी पीपलको रूखमा राख्नुहोस् । यो उपाय गर्नाले घरका मानिसहरूबीच सम्बन्धमा सुधार हुन्छ र घरमा शान्तिपूर्ण वातावरण रहन्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## कोलम्बिया जेल दङ्गाः ५१ जनाको मृत्यु

बोगोटा, १५ असार/एएनआई

पश्चिमी कोलम्बियाको टोलुआस्थित कारागारमा मङ्गलवार कैदीहरूबीच भएको झगडाले उग्ररूप लिंदा ५१ जनाको मृत्यु भएको छ भने २४ जना सुरक्षाकर्मी घाइते भएका छन्।


तस्वीरः एएनआई

आपसी झगडाको क्रममा एकजना कैदीले सुत्न प्रयोग गरिने एउटा गद्दामा झोसेको आगो कारागारमा फैलिएर उनीहरूको मृत्यु भएको हो। कोलम्बियाका अधिकांश जेलमा कैदीको भीडभाड हुने गरेको छ। टोलुआस्थित कारागारमा पनि क्षमताभन्दा बढी बन्दी राखिएको छ।

कारागारका कर्मचारीले गद्दाबाट फैलिएको आगो निभाउने प्रयत्न गरेका थिए तर विशालरूपमा फैलिएको आगो निभाउन अग्नि नियन्त्रकको प्रतीक्षा गर्नुपरेको थियो। कोलम्बिया र आसपासका मुलुकका जेलमा घातक दङ्गा हुनु अनौठो होइन।

सन् २०२० को मार्चमा बोगोटाको पिकोटा पेनिटेनियरीमा भएको दङ्गामा २४ कैदीको ज्यान गएको थियो। उनीहरूले कोभिड–१९ विरुद्ध कारागार प्रशासनले अघि सारेका सुरक्षात्मक उपायको विरोध गर्दा दङ्गा भएको थियो। अघिल्लो वर्ष ब्रजीलको जेलमा भएको घातक दङ्गामा ५० जनाभन्दा बढी मारिएका थिए भने १६ जनाको शिरच्छेदन गरिएको थियो। सन् २०१८ मा भेनेजुएलाको एउटा कारागारमा अग्निदङ्गा हुँदा कैयौंको ज्यान गएको थियो। रासस

## युक्रेन–युद्धले पूर्वी युरोपमा बिआरआई प्रभावित

बेइजिङ, १५ असार/एएनआई

रूस–युक्रेन युद्धले चीनको महात्त्वाकाङ्क्षी परियोजना बिआरआई मध्य तथा पूर्वी युरोपेली देशहरूमा नराम्ररी प्रभावित भएको छ।



तस्वीरः एएनआई

युक्रेनमा जारी युद्धका कारण अधिकांश मध्य र पूर्वी युरोपेली (सिइई) देशहरू चीनलगायत विदेशी शक्तिहरूबाट सतर्क हुन थालेकाले चीनको '१७+१ पहल' गम्भीररूपमा प्रभावित भएको छ। सन् २०१२ मा चिनियाँ विदेश मन्त्रालयले चीन र मध्य तथा पूर्वी युरोपेली (सिइई) देशहरूबीच व्यापार र लगानी सम्बन्ध प्रवर्द्धन गर्न गठन गरेको थियो।

सिइई सरकारको मनोवृत्तिमा असहजता महसूस गरेपछि चीनले रूस–युक्रेन द्वन्द्वसम्बन्धी अस्पष्ट विषय प्रस्ट गर्न तथा बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) मा उनीहरूको चासो पुनः स्थापित गर्न आफ्ना दुई प्रतिनिधिमण्डल परिचालन गरे पनि सिइई देशहरूले प्रतिनिधिमण्डललाई खासै महत्त्व नदिंदा बिआरआईको भविष्य अन्योलमा परेको छ। सबैभन्दा निराशाजनक प्रतिक्रिया पोल्यान्डबाट प्राप्त भयो जहाँ चिनियाँ प्रतिनिधिमण्डलले पोल्यान्डको विदेश मन्त्रालयका अधिकारीहरूलाई भेट्नसमेत पाएन।

चीनले युरोपेली क्षेत्रमा आफ्नो प्रवेश बढाउन '१७+१ पहल' गरे पनि लगानीका प्रतिबद्धता वास्तविक लगानीमा परिणत हुन सकेको छैन। यो वर्ष '१७+१ पहल' को दशौं स्थापना दिवस हो तर धेरैजसो सिइई देशले त्यसमा खासै उत्साह देखाएका छैनन्। चिनियाँ लगानी हङ्गेरी, चेक गणतन्त्र र पोल्यान्डमा मात्र सीमित छ।

अपेक्षित मुनाफा प्राप्त नभएकोले चिनियाँ कम्पनीहरूले पनि यी देशमा लगानी गर्न खासै उत्साह देखाएका छैनन्। सिइई क्षेत्रमा चीनको छवि सुधार्न सक्ने रोमानियाको सेर्नाभोडा आणविक ऊर्जा संयन्त्र वा बुडापेस्ट –(हङ्गेरी)–बेलग्रेड–सर्बिया) रेलवे परियोजनाजस्ता केही प्रमुख परियोजनामा विलम्ब भइरहेको छ।

जारी रूस–युक्रेन द्वन्द्वले सम्पूर्ण युरोपेली क्षेत्रको गतिशीलता परिवर्तन भएको छ। युक्रेनलाई समर्थन गरेर अमेरिकाले यस क्षेत्रमा आफ्नो स्थिति बलियो बनाएको छ र सिइईहरू पनि किभ आसपास नै रहेकाले उनीहरू पनि वाशिंगटनको प्रभावबाट बाहिरिन सकेका छैनन्। अमेरिकाले चीनलाई रणनीतिक र आर्थिक प्रतिस्पर्धीका रूपमा लिएकोले युरोपेली एकता टुट्ने सम्भावनालाई पनि नकार्न सकिंदैन। रासस

## सुरक्षा कारबाईमा २२ आतङ्ककारी मारिए

ओउगादुगु, १५ असार/सिन्हवा

बुर्किनाफासोको उत्तरपश्चिमी प्रान्त बुग्रिबामा भएको सुरक्षा कारबाईका क्रममा कम्तीमा २२ जना आतङ्ककारी मारिएका छन्। उक्त प्रान्तमा केही दिन यतादेखि आतङ्ककारी गतिविधि जारी रहेको सूचना पाएर सुरक्षाकर्मीहरूले सो कारबाई अघि बढाएका थिए।

सो प्रान्तका कम्तीमा पनि तीनओटा आतङ्ककारीका आश्रयस्थल प्रहरीले भत्काइदिएको छ। त्यस क्रममा प्रहरीले ठूलो सङ्ख्यामा हतियार नियन्त्रणमा लिएको जनाएको छ।

सो प्रान्तमा गत हप्ता मात्र सुरक्षा कारबाईमा कैयौं आतङ्ककारी मारिएका थिए। बुर्किनाफासोमा अधिकारीहरूले आतङ्ककारीविरुद्ध कारबाहीलाई सशक्त बनाएको पनि जनाएका छन्। रासस


### वीरगंज महानगरपालिकाको सूचना

यस वीरगंज महानगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा आवागमनमा बाधा पर्ने गरी निर्माण सामग्री थुपार्ने, फुटपाथमा पसल सञ्चालन गर्ने, छाडा गाईवस्तु तथा छाडा चौपाया छोड्ने, जथाभावी फोहर फाल्नेलगायत नियम विपरीत कार्यहरू नगर्न नगराउन हुन जानकारी गराइन्छ। साथै उक्त कार्य गरेको पाइएमा कानून बमोजिम जरिवानाका साथै सोको व्यवस्थापन गर्दा लागेको सम्पूर्ण खर्चसमेत सम्बन्धितबाट असुल उपर गरिने बेहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**वीरगंज महानगरपालिका, पर्सा**


### आजको राशिफल

| | |
|---|---|
| मेष – विजय | वृष – धनलाभ |
| मिथुन – भाग्योदय | कर्कट – बेचैनी |
| सिंह – धनलाभ | कन्या – कर्मप्राप्ति |
| तुला – प्रगति | वृश्चिक – रोगभय |
| धनु – यात्रालाभ | मकर – कडापरिश्रम |
| कुम्भ – सुसमाचार | मीन – उदरपीडा |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


## त्रिजुद्धलाई समर्पणको सहयोग

प्रस, वीरगंज, १५ असार/

समर्पण सेवा संस्थाले बुधवार वीरगंज–४ स्थित त्रिजुद्ध महावीरप्रसाद रघुवीरराम प्राविधिक विद्यालयलाई पङ्खा सहयोग गरेको छ।




संस्थाका प्रतिनिधि डा दीपेन्द्र चौधरी, नीरज मल्लिकले विद्यालयका प्रधानाध्यापक हरिन्द्रप्रसाद कुर्मीलाई २० थान पङ्खा हस्तान्तरण गरेको वडाध्यक्ष बैजु स्वर्णकारले प्रतीकलाई बताए।

गर्मीयाममा विद्यार्थीहरूलाई अध्ययनमा समस्या नहोस् भनेर समर्पणले पङ्खा सहयोग गरेको संस्थाका अध्यक्ष विनय शाहले बताए। समर्पण सेवा संस्था सामाजिक सेवामा लामो समयसम्म सक्रिय रहँदै आएको छ र यस संस्थाको संस्थापक वीरगंजका समाजसेवी स्व विश्वनाथ शाह हुन्।

## नाइजेरियाली युवक पक्राउ

प्रस, रक्सौल, १५ असार/

अध्यागमन कार्यालय, रक्सौलले




वीरगंज भएर अवैधरूपमा भारत प्रवेश गरेका एकजना नाइजेरियाली नागरिकलाई पक्राउ गरेको छ।

हिजो राति विनाभिसा रक्सौल प्रवेश गरेका २६ वर्षीय नाइजेरियाली नागरिक नेर्लियस उग्वुआनीलाई पक्राउ गरिएको अध्यागमन कार्यालय, रक्सौलले जनाएको छ। सोधपूछको क्रममा पक्राउ परेका नाइजेरियाली युवकले आफू पटना हुँदै दिल्ली जान लागेको बताएका छन्। अध्यागमन कार्यालयले थप अनुसन्धानका लागि पक्राउ परेका ती युवकलाई हरैया थाना चलान गरेको बताएको छ।

## विद्यार्थीहरूलाई लागूऔषधसम्बन्धी जानकारी

प्रस, वीरगंज, १५ असार/

सामुदाय–प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत वीरगंज महानगर–११ दुर्गाटोलस्थित अल्पाइन माविमा सामुदायिक सेवा केन्द्र ग्रीनसिटी र मुर्ली–श्रीपुरको संयुक्त आयोजनामा लागूऔषध दुरुपयोग तथा ओसारपसारसम्बन्धी अन्तर्क्रियालगायतका कार्यक्रम गरिएको छ।


तस्वीरः प्रतीक

सो विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई वडा प्रहरी कार्यालय, श्रीपुरका प्रहरी निरीक्षक डिल्लीराज सापकोटाले लागूऔषधबारेमा जानकारी गराएका थिए।

सोही अवसरमा ग्रीनसिटीका कोषाध्यक्ष ज्योति रूँगटाको सहयोगमा विद्यालयअगाडिको कालोपत्रे सडकमा दुर्घटना न्यूनीकरणका लागि स्पीड ब्रेकर जडान गरिएको थियो। कार्यक्रममा ग्रीनसिटी सामुदायिकका अध्यक्ष जयप्रकाश खेतान, मुर्ली–श्रीपुरका सचिव दीलिप प्रधान, अल्पाइन माविका प्रधानाध्यापक विनोद उपाध्याय, वडासदस्य अशोक गुप्ता, प्रसनि तनुजा श्रेष्ठ, वरिष्ठ हवल्दार शैलेन्द्रकुमार यादवलगायतको सहभागिता थियो।

## चट्याङ लागेर चारजनाको मृत्यु

प्रस, रक्सौल, १५ असार/

चट्याङ लागेर भारत, बिहार रक्सौल आसपासका चार जनाको मृत्यु भएको छ।

प्रहरीले छौडादानो, सुगौली र रक्सौलमा गरि १ महिला दुईजना बालबालिकासहित चारजनाको मृत्यु भएको जनाएको छ।

चट्याङ लागेर एकजना वृद्ध महिलासहित चारजना गम्भीर घाइते आपदा विभागका अनिल कुमारले बताए।

रक्सौलको बहुअरीमा आठ वर्षीय महम्मद दानिस र ९ वर्षीया आरफा खातुन वर्षाको पानीमा नुहाउने क्रममा चट्याङ लागेर मृत्यु भयो। उनीहरु दुबै दाजुबहिनी थिए।

यसैगरी मृत्यु हुनेमा सुगौली निवासी १८ वर्षीय रामनारायण कुमार र बथुआहा गाउँ निवासी ५५ वर्षीया कुरैशा खातुन रहेको प्रहरीले जनाएको छ।

## हेटौंडा–काठमाडौं जोड्ने सिस्नेरी सडकखण्ड अवरुद्ध

मकवानपुर, १५ असार/रासस

वर्षासँगै आएको पहिरोका कारण हेटौंडाबाट सङ्घीय राजधानी जोड्ने सिस्नेरी सडकखण्ड आज बिहानैदेखि अवरुद्ध भएको छ।

इन्द्रसरोवर गाउँपालिका–३ रामचन्द्र भञ्ज्याङमा गए राति आएको पहिरोका कारण उक्त सडकखण्डमा यातायात अवरुद्ध भएको इलाका प्रहरी कार्यालय, भीमफेदीका प्रहरी निरीक्षक प्रतिमा कार्कीले जानकारी दिइन्। उक्त स्थानमा हाल पानी परिरहेकोले पहिरो पन्छाउन कठिनाइ भइरहेको छ। पानी रोकिएपछि पहिरो हटाई यातायात सञ्चालन हुने उनले बताइन्। कुलेखानी–फाखेल सडकखण्ड र त्रिभुवन राजपथ भने सञ्चालनमा छ।

यस्तै हेटौंडाबाट काठमाडौं जोड्ने कान्ति लोकपथ पनि वर्षासँगै आएको पहिरोका कारण अवरुद्ध भएको छ। ललितपुरको भट्टेडाँडा गारोखोलामा आएको पहिरोका कारण उक्त सडकखण्ड अवरुद्ध भएको इलालका प्रहरी कार्यालय ठिङ्गनले जनाएको छ।

### लगनविनाको बाजा......

सहभागिता थियो।

**प्रस, पंचगावाँ/**

पटेर्वासुगौली गाउँपालिकाको कृषि शाखाको आयोजनामा बुधवार राष्ट्रिय धान दिवस मनाइएको छ।

'धानबालीमा जैविक विविधताको उपयोग, आयात प्रतिस्थापनमा सहयोग' नाराका साथ १९औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव–२०७९ बुधवार मनाइएको हो।

पटेर्वासुगौली गापा–३ पूर्व देकुलीमा नेपाली काङ्ग्रेस, पर्साका पूर्वसभापति सुरेन्द्रप्रसाद चौधरीले हलोबाट खेत जोतेर धान रोपी दिवसको शुभारम्भ गरे।

गापा अध्यक्ष दिनेश चौधरी, उपाध्यक्ष ममता महतो, प्रमुख प्रशासकीय अधिकृत सन्देशकुमार यादव, कृषि शाखा प्राविधिक गोविन्दभैया थारू, मोहनप्रसादलगायतको सहभागितामा धान दिवस मनाइएको हो।

सो अवसरमा सहभागी किसानहरूले मल सहज उपलब्ध गराउने सवालमा सरकार अहिलेसम्म गम्भीर नभएको गुनासो गरे। उनीहरूले धान रोपाइँको बेला जहिले पनि किसानहरूले मलको समस्या झेल्दै आएको तर सरकार भने यस विषयमा लापरवाह भएको दोषारोपण गरे।

बाली लगाउने बखत किसानहरूलाई मलको आवश्यकता पर्ने विषयबाट सरकार अनभिज्ञ नभएको तर विभिन्न कारण र खासगरी कमिशनको चक्करमा मलको जोहो गराउन असफल हुने गरेको आरोप लगाए। किसानले मलको हाहाकार झेलेपछि जस्तोसुकै मूल्यमा मल ल्याउने सरकारले पूर्वतयारी नगर्नुको कारण कमिशन नै भएको उनीहरूको आरोप थियो।

किसानहरूको समस्याप्रति गापा अध्यक्ष्य चौधरीले पालिकाबाट हुने सहयोग गर्ने प्रतिबद्धता जाहेर गरे। उनले आफू पनि किसानको छोरा भएको र कृषि कार्यमा हुने कठिनाइहरूबाट परिचित भएको भन्दै किसानहरूलाई आइपर्ने सबैखाले समस्याको निराकरणका लागि आफ्नो इमानदार प्रयास रहने बताए।


### Consulate General of India,

Birgunj, Nepal

**TENDER NOTICE No. Birg/813/01/2022 dated 30.06. 2022**

CGI, Birgunj invites sealed bids from eligible interested bidders for hiring of security agency for providing fifteen (15) Local Security Guards. The detailed notice for this tender may be downloaded from our website: https://www.cgibirgunj.gov.in/tenders.php. The last date of submission of sealed bids is 21.07.2022 by 16:00 hrs.

# सीमा क्षेत्रमा सर्वाङ्गीण विकासका लागि छलफल

प्रस, वीरगंज, १५ असार/

नेपाल–भारत सहयोग मञ्चका अध्यक्ष अशोक बैदले सीमावर्ती बिहार पूर्वी चम्पारणका जिल्लापदाधिकारी शीर्षत कपिल अशोकसँग भेट गरेका छन्।

अध्यक्ष बैद नेतृत्वको टोलीले मोतिहारीस्थित समाहरणालय कार्यालयमा जिल्लापदाधिकारीसँग भेट गरेका हुन्।

उक्त अवसरमा रक्सौल विमानस्थल सञ्चालनसँग जोडिएका सरोकारका विषयहरूको चर्चा भएको थियो। यसैगरी रक्सौल–वीरगंज भगिनी शहरको अवधारणा, श्रीसिया नदीको स्वच्छता, सहज आवागमन, व्यापारिक कारोबारमा समन्वय, अपराध नियन्त्रण जस्ता विषयमा छलफल भएको थियो।

जिल्लापदाधिकारी शीर्षत कपिल अशोकले आफ्नो तहबाट हुन सक्ने सहयोग गर्ने बताए।


तस्वीरः प्रतीक

सो अवसरमा वीरगंज उद्योग वाणिज्य महासङ्घका महासचिव माधव राजपाललगायतको सहभागिता थियो।

# विकासको मूल आधार युवा -मुख्यमन्त्री गद्दी

प्रस, वीरगंज, १५ असार/

मधेस प्रदेशका मुख्यमन्त्री लालबाबू राउत गद्दीले मधेसका युवाहरूको समुचित सिर्जनाको लागि पहल गरिरहेको दाबी पनि गरे। उनले मधेस सरकारले प्रदेश प्रहरीमा भर्ना प्रक्रियाबाट केही हदसम्म प्राथमिकतामा राखेर अघि बढेको जानकारी गराए। उनले भने– युवाहरूको सकारात्मक कदमले मात्र देशको विकास


तस्वीरः प्रतीक

व्यवस्थापनको लागि मधेस सरकार अग्रसर रहेको बताएका छन्।

महिला, बालबालिका, युवा तथा खेलकूद मन्त्रालयले जनकपुरधाममा बुधवार आयोजना गरेको प्रथम मधेस प्रदेश युवा महोत्सवको उद्घाटन गर्दै मुख्यमन्त्री गद्दीले विकासको मूल आधार भनेकै युवाहरू भएकाले उनीहरूको समुचित व्यवस्थापनको लागि प्रदेश सरकार अग्रसर रहेको दाबी गरे।

देशमा उचित रोजगारको व्यवस्थापन हुन नसक्दा युवाहरू विदेशिनुपरेको र त्यहाँ जोखिमयुक्त कार्य गर्दा ज्यान गुमाउनुपरेको भन्दै उनले मधेस प्रदेश सरकारले आफ्नो प्रदेशमैं रोजगारको समस्या हल गर्न खोजे पनि केन्द्र सरकारको कुदृष्टिका कारण सो कार्य हालसम्म सफल हुन नसकेको बताए। उनले प्रहरी, प्रदेश निजामतीलगायतका सेवामा छिट्टै भर्ना लिइने विश्वास व्यक्त गरे।

सरकारी रोजगारले मात्र बेरोजगारी समस्या समाधान नहुने बताउँदै मुख्यमन्त्री गद्दीले प्रदेश सरकार उद्योगधन्धाका साथै स्वरोजगारका कार्यक्रमहरूलाई पनि सम्भव छ।

कार्यक्रम महिला, बालबालिका, युवा तथा खेलकूद मन्त्री वीरेन्द्रप्रसाद सिंहको अध्यक्षतमा भएको थियो भने उद्घाटन सत्रमा गृह तथा सञ्चार मन्त्री भरतप्रसाद साह, प्रदेशसभा सदस्य मञ्जु यादव, जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष जीतेन्द्र महासेठलगायतले कार्यक्रम सफलताको लागि शुभकामना व्यक्त गरेका थिए।

# मानव अधिकार अर्द्धवार्षिक समीक्षा गोष्ठी

प्रस, वीरगंज, १५ असार/

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले नेपाल मानव अधिकार वर्ष


तस्वीरः प्रतीक

पुस्तक २०२२ को अर्द्धवार्षिक समीक्षा गोष्ठी सम्पन्न गरेको छ।

बुधवार आयोजित समीक्षा गोष्ठीमा इन्सेक प्रतिनिधि केसी लामिछानेले छ महीना अवधिमा ३५ वटा मानव अधिकार उल्लङ्घनका घटना भएको बताए।

उनले पर्सामा नाबालिक बलात्कारका आठवटा घटना भएको र बलात्कार प्रयासका दुई, बलात्कारको एक, मानव अधिकार बलात्कार प्रयासका दुई र हत्याका पाँच, बोक्सी आरोपको एक, मानव अधिकार बेचबिखन तथा कुटपिटका दुई/दुई र बहुविवाहका नौवटा घटना अर्द्धवार्षिक समीक्षा गोष्ठीका लागि तयार पारिएको प्रतिवेदनमा बताए।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले अर्द्धवार्षिक पुस्तकमा उल्लेख भएका घटनाहरू तथ्यमा आधारित भएको बताए। उनले घटनाको समीक्षा गर्दा तथ्यपूर्ण घटनाको सङ्कलन हुने र सरोकारवाला निकायहरूलाई खबरदारी गरिएको चर्चा गरे।

सो अवसरमा उनले अङ्गीकृत नागरिकता पाएका सन्तान र कुमारी आमाको नामबाट नागरिकता प्राप्त गर्ने विषय संसद्मा छलफल भइरहेको र त्यहाँबाट निस्कने निष्कर्षका आधारमा कार्य हुने बताए।

प्रजिअ ढकालले महिला तथा बालबालिका कार्यालयको खारेजीबाट ठूलो क्षति भएको भन्दै यसको पुनर्स्थापना हुने सुझाव दिए। महिला, बालबालिका तथा ज्येष्ठ नागरिकको समस्या समाधानका लागि स्थानीय तहमा संरचना निर्माण गरिए पनि प्रभावकारी नभएको उनले बताए।

प्रजिअ ढकालले बालश्रम न्यूनीकरणको विषयमा स्थानीय प्रशासनले हेर्ने र बालबालिकाविरुद्ध हुने दुरुपयोगलाई रोक्ने बताए।

पर्सा जिल्लामा बहुविवाहमा परेर पीडित महिलालाई परिवार र समाजले नै थप पीडा दिने गरेको उनले उल्लेख गरे। उनले अहिलेको समाजमा पनि बोक्सी प्रथा हुनु दुर्भाग्यपूर्ण भएको चर्चा गरे।

प्रहरी उपरीक्षक रमेश बस्नेतले अपराधीलाई दण्ड दिन समयसाक्षेप कानून निर्माण भएको बताए। उनले नाबालिकाको सम्बन्धमा भोगेको मुद्दामा खोजेर ल्याउँदा अभिभावकहरूबाट बलात्कारको मुद्दा चलाउने प्रवृत्ति बढिरहेको बताए। उनले अहिलेको कानूनले नाबालिकाको अभिभावकलाई सो अधिकार दिएको कारण जबरजस्ती करणी र अपहरण जस्ता घटना बढेको उनले बताए।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घ प्रदेश २ का महासचिव श्याम बन्जारा, अखिल नेपाल महिला सङ्घकी केन्द्रीय सदस्य रञ्जु फुयाँल, सामाजिक कार्यकर्ता प्रकाश थारू, वीरगंज युवा समाजका कमल चौंगाई, राष्ट्रिय सौन्दर्यीकर्मी युनियनका केन्द्रीय सदस्य सुमित्रा सापकोटा, जिल्ला अध्यक्ष ओमकुमारी शर्मालगायतले जिज्ञासासहितको मन्तव्य व्यक्त गरेका थिए।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| जानकारी आएन | | | | |






## नारायणगढ–मुग्लिन....

प्रमुख डिभिजन इन्जिनीयर बाबूराम सापकोटाका अनुसार पहिरो पन्छाउन हरेक वर्ष कम्तीमा रु १३ लाख खर्च हुने गरेको छ। हाल सो सडकमा पहिरो पन्छाउन स्काभेटरसहितको प्राविधिक टोली २४ सै घण्टा खटेको छ।

## अविरल वर्षाले आएको बाढी....

गरिंदा समस्या देखिएको हो। नगरभित्रका वडाहरूमा पनि विकासको पहिलो पूर्वाधार सडक, बाटोघाटो भन्दै रकम विनियोजन गर्ने र प्राविधिकरूपमा निर्माण कार्यलाई उचित ढङ्गले कार्यान्वयन गर्नेतर्फ ध्यान नदिंदा बनाइएका सडक, बाटाघाटाले नै मानवबस्ती डुबानमा परेका छन्। यसरी निर्माण गरिएका सडक, बाटाघाटामा भारी वर्षाको पानीको उचित निकास गर्न अति आवश्यक स्थानहरूमा निकास गर्न ध्यान दिन नसक्दा पनि यो समस्या दोहोरिएको सचेत स्थानीयहरू बताउँछन्।

पानीले खयरघारी क्षेत्रका केही बस्ती, निजगढ जमुनापैनी, कभर्डहल, हाटबजार क्षेत्र, शहीदचोक, भमराटोल लिचीटोल, भेटनरी टोल, औतारटोल, सडकटोल, बागदेवलगायतका होचा स्थानका बस्ती, खेतीयोग्य जमीन, प्लटिङ क्षेत्र जलमग्न भएका थिए।


## चट्याङको समयमा सतर्क रहौं

चट्याङबाट बच्ने उपायः
- बिजुली चम्केको बेला सतर्क रहने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चीसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्यान्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड


**जावलाखेल ग्रुप अफ इन्डस्ट्रिज प्रा. लि.**
जावलाखेल, ललितपुर

## सवारीसाधनहरू बिक्रीसम्बन्धी सूचना

यस कम्पनीको नाममा रहेका तपसिल बमोजिमका सवारीसाधन जेजस्तो अवस्थामा छ सोही अवस्थामा बिक्री गर्ने भएकोले खरीद गर्न इच्छुक फर्म/कम्पनी/सङ्घ/संस्था वा व्यक्तिलाई यो सूचना प्रकाशित भएको ठेगानामा सिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै उक्त सवारीसाधनहरू कम्पनीको कार्यालयमा सम्पर्क गरी उपर्युक्त सवारीसाधनहरू रहेको निम्न बमोजिमका स्थानमा गई निरीक्षण गर्न सकिन्छ।

**बोलपत्र पेश गर्ने ठेगाना**:
जावलाखेल ग्रुप अफ इन्डस्ट्रिज प्रा. लि.
पोस्ट बक्स नं ४३२, जावलाखेल, ललितपुर, नेपाल
सम्पर्क नं ०१-५५२२०१० / ९८०५६०१६३६

| क्र.सं. | सवारी साधनको विवरण | दर्ता नं. | सि.सि. | बनेको वर्ष | स्थान |
|---|---|---|---|---|---|
| १. | Bajaj Discover (Red) | ना.७प ३१७५ | १२४.६० | २००७ | वीरगंज |
| २. | Yamaha YBR (Red/Black) | ना.१६प ५३२ | १०६ | २०१० | वीरगंज |

**शर्तनामा**:
१. प्राप्त बोलपत्र पूरै स्वीकार वा अस्वीकार गर्ने/नगर्ने निर्णयको पूर्ण अधिकार कम्पनीमा निहित रहेको छ।
२. प्रति दुई पाङ्ग्रे सवारी रु ५,०००/– (अक्षरेपि रु पाँच हजार मात्र) नगदै धरौटी बुझाइ बोलपत्र पेश गर्नुपर्नेछ। नगद धरौटी नबुझाए पेश गरेको बोलपत्र रद्द हुनेछ।
३. स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको सूचना प्रेषित गरेको मितिबाट ३० (तीस) दिनभित्र आफूले कबोल गरेको प्रस्तावित रकममा सवारीसाधन सम्बन्धित यातायात व्यवस्था कार्यालयबाट नामसारी गरी नलगेको अवस्थामा बोलपत्र धरौटीबापतको रकम कम्पनीले जफत गर्नेछ।
४. माथि उल्लिखित ठेगानाबाट बोलपत्र फाराम निश्शुल्क प्राप्त हुनेछ।
५. आवश्यक कागजात बोलपत्रको साथमा पेश नगरिएको, रित नपुगेको र बोलपत्र पेश गर्ने म्याद नाघी आएका बोलपत्रहरू स्वयं रद्द हुनेछन्।

**प्राप्त बोलपत्रसम्बन्धी निर्णय गर्ने पूर्ण अधिकार कम्पनीमा निहित रहनेछ।**